माननिय मन्त्रिज्यूबाट मिति
२०८१ मंसिर ६ गते

# महिला, बालबालिका तथा किशोरीको स्वास्थ्य तथा पोषण सुधार विशेष अनुदान कार्यक्रम सञ्चालन मार्गदर्शन २०८१/०८२

**प्रदेश सरकार**
**लुम्बिनी प्रदेश**
**स्वास्थ्य मन्त्रालय**
**२०८१**

स्वास्थ्य मन्त्रालय र अन्तर्गतका स्वास्थ्य निकाय तथा स्थानिय तहबाट आर्थिक वर्ष २०८१/०८२ मा सञ्चालन हुने महिला, बालबालिका तथा किशोरीको स्वास्थ्य तथा पोषण सुधार विषेश अनुदान कार्यक्रमसँग सम्बन्धित कार्यक्रमहरुको पारदर्शी, मितव्ययी, प्रभावकारी र व्यवस्थित सञ्चालनको सहजीकरणका लागि यो कार्यक्रम सञ्चालन मार्गदर्शन तयार गरीएको छ।

**प्रदेश सरकार**
**लुम्बिनी प्रदेश**
**स्वास्थ्य मन्त्रालय**
राप्ती उपत्यका देउखुरी दाङ
फोनः ०७१-५४३००४
Email: mohp@lumbini.gov.np
Website: https://mohp.lumbini.gov.np/

# विषय सुचि


१. पोषण विशेष कार्यक्रम व्यवस्थापन ............................................................ 5

२. पोषण पुनस्थापना केन्द्र सञ्चालन तथा निरन्तरता ............................................ 6

३. बृद्धि अनुगमनका लागि सामग्री खरिद ............................................................ 7

४. समुदाय स्तरका जटिल अवस्थामा रहेका मातृ तथा २ वर्ष मुनिका बालबालिकाहरुको नियमित निगरानीका लागि Family health Profile तयार गर्ने पाईलटिङ्ग कार्यक्रम बाँके ............ 9

५.समुदाय स्तरका जटिल अवस्थामा रहेका मातृ तथा २ वर्ष मुनिका बालबालिकाहरुको नियमित निगरानीका लागि Family health Profile तयार गर्ने पाईलटिङ्ग कार्यक्रम पाल्पा ............ 10

६.समुदाय स्तरका जटिल अवस्थामा रहेका मातृ तथा २ वर्ष मुनिका बालबालिकाहरुको नियमित निगरानीका लागि Family health Profile तयार गर्ने पाईलटिङ्ग कार्यक्रम अर्घाखाँची ............ 12

७. स्वास्थ्यकर्मी मार्फत कुपोषित बालबालिकाहरुको खोजपड्ताल ............................ 13

८.किशोरी संजालमार्फत किशोरी आईरन तथा फोलिक एसिड सुदृढिकरण कार्यक्रम ............ 15

९. NDHS 2022, SMART Survey, Formative Research तथ्यांकहरुको further analysis कार्यक्रम ............ 17

१०. शिघ्र कुपोषित बालबालिकाको एकिकृत व्यबस्थापन सम्बन्धी अभिमूखिकरण ............ 19

११. शिघ्र कुपोषित बालबालिकाको एकिकृत व्यबस्थापन सम्बन्धी म्यानुअल छपाई ............ 20

१२.स्तनपान प्रवद्धनका लागि BMS-ACT सम्बन्धि औषधी पसल अस्पताल /फार्मेसीका स्वास्थ्यकर्मीका लागि अभिमुखिकरण कार्यक्रम ............ 21

१३. गुणस्तरीय गर्भ जाँचको अध्ययन तथा प्रतिबेदन ............ 23

१४. Mother-baby friendly hospital iniciatives कार्यक्रम व्यबस्थापन ............ 25

१५. विद्यालय करेसावारी प्रबर्द्धन कार्यक्रम ............ 27

१६.पत्रु खाना र यसले स्वास्थ्यमा असर बारे सुचना तयार गरी सामुदायीक बिद्यालयमा भिते लेखन/होरीङ्ग बोर्ड ............ 29

१७. सामुदायिक नर्सिङ कार्यक्रम ............ 31

१८.कपिलवस्तुको सामुदायिक विद्यालयमा पत्रु (Junk) खाना नियमन तथा नियन्त्रण अभियान ............ 32

१९. बिद्यालयमा पोषिलो खाना प्रदर्शनी तथा अनुशिक्षण कार्यक्रम ............ 35

२०. विद्यालय स्वास्थ्य शिक्षाका लागि विषयबस्तु तयारी तथा वितरण ............ 37

२१. विद्यालयका स्वास्थ्य शिक्षकहरुलाई स्वास्थ्य तथा पोषण कार्यक्रमको अभिमुखिकरण ............ 38

२२. भांसा घर सुधार कार्यक्रम मार्फत बाल तथा मातृ पोषण प्रवर्धन गर्ने ............ 40

२३.पोषण अवस्थामा सुधार एवं वाल तथा मातृ मृत्युदर घटाउनका लागि स्थानीय जनप्रतिनिधी समाजसेवी तथा सरोकारवालाहरुसँग अन्तरक्रिया कार्याशाला गोष्ठी........42
२४. कार्यक्रमको अनुगमन........43
२५. कार्यक्रमको समिक्षा तथा प्रतिबेदन........44

## १. पोषण विशेष कार्यक्रम व्यवस्थापन

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | ५ लाख | पटक | १ | दोस्रो, तेस्रो |

| उपशिर्षक | विवरण |
|---|---|
| **परिचय** | महिला बालबालिका तथा किशोरी स्वास्थ्य तथा पोषण सुधार विशेष कार्यक्रमको निरन्तर रुपमा खटिई यस कार्यक्रम अन्तरगत संचालित क्रियाकलापहरुको नियमित संचालन, अनुगमन तथा मुल्याङ्कन गर्न १ जना जनस्वास्थ्य अधिकृतको परिचालनका लागि आवश्यक व्यबस्थापकिय खर्च तथा अनुगमन खर्चका लागि यो बजेटको व्यबस्था गरिएको हो । |
| **उद्देश्य** | • महिला, बालबालिका तथा किशोरी स्वास्थ्य तथा पोषण सुधार विशेष कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न प्राविधिक सहयोगका लागि १ जना जनस्वास्थ्य अधिकृतको परिचालन तथा व्यबस्थापन गर्न । |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य निर्देशनालय |
| **खर्च क्षेत्र** | व्यबस्थापकिय खर्चः ल्यापटप, प्रिन्टर टेवुल तथा अनुगमनका लागि दै भ्र भ तथा यातायात खर्च |
| **लक्षित समूह** | प्रदेशका महिला बालबालिका तथा किशोरी स्वास्थ्य तथा पोषण सुधार विशेष कार्यक्रम संचालन गर्ने निकाय तथा स्वास्थ्यकर्मीहरु |
| **कार्यक्रम सञ्चालन विधि** | • महिला बालबालिका तथा किशोरी स्वास्थ्य तथा पोषण सुधार विशेष कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि १ जना जनस्वास्थ्य विषयमा स्नात्तकोत्तर उतीर्ण १ जना जनस्वास्थ्यकर्मीको छात्रवृति करारमा व्यबस्था गर्ने<br>• उक्त कर्मचारीका लागि आवश्यक कार्यालय सामाग्री ल्यापटप प्रिन्टर र कक्ष व्यबस्था गर्ने ।<br>• स्थानीय तह,विद्यालय,अस्पताल तथा स्वास्थ्य कार्यालय, आयुर्वेद स्वास्थ्य संस्था तथा अस्पतालहरुबाट संचालित महिला बालबालिका तथा किशोरी स्वास्थ्य तथा पोषण कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि प्रादेशिक फोकल प्वाइन्टको रुपमा कार्य गर्ने ।<br>• आवस्यक परेको स्थानमा अनुगमन तथा सहजिकरण गर्ने ।<br>• संचालित कार्यक्रमहरुको प्रभावकारीताका वारेमा निर्देशनालय र मन्त्रालयमा मासिक रुपमा प्रतिबेदन गर्ने । |

| | |
|---|---|
| **बजेट बाँडफाड** | यो क्रियाकलाप सञ्चालनका लागि स्वास्थ्य निर्देशनालयमा ५ लाख वनेट विनियोजन गरिएको छ । <br> प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । |
| **अपेक्षित उपलब्धी** | • महिला बालबालिका तथा किशोरी स्वास्थ्य तथा पोषण कार्यक्रमहरु प्रभावकारी रुपमा संचालन भई प्रदेशका महिला बालबालिका तथा किशोरी स्वास्थ्य तथा पोषणको सुधार हुनेछ । |
| **अनुगमन र मुल्याङ्कनको सुचक** | • संचालन भएका कार्यक्रमहरु <br> • संचालित कार्यक्रमबाट लाभान्वित महिला बालबालिका तथा किशोरीहरुको संख्या |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रमको प्रतिबेदन निर्देशनालयमा पेश गर्नु पर्नेछ । |

## २. पोषण पुनस्थापना केन्द्र सञ्चालन तथा निरन्तरता

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | १५ लाख | पटक | २ | दोस्रो, तेस्रो |

| **उपशिर्षक** | **विवरण** |
|---|---|
| **परिचय** | कुपोषण बाट हुने बाल मृत्यु दर कम गर्नको लागि कुपोषित बालबालिकाहरुको उचित स्वास्थ्य उपचार तथा पोषणयुक्त आहार व्यबस्थापन गर्न व्यबहारिक ज्ञान प्रदान गर्ने उद्देश्यले प्रदेश अन्तर्गतका अस्पतालहरुमा पोषण पुनर्स्थापना केन्द्र सुदृढिकरणगरी विभिन्न प्रकारका कुपोषणको निबारणका लागि यो कार्यक्रको व्यबस्था गरीएको छ। |
| **उद्देश्य** | • बालबालिकाहरुको कुपोषणको उपचार तथा व्यवस्थापन गर्नु । <br> • बालबालिकाहरुको हेरचाह गर्ने अभिभावकहरुलाई पोषण सम्बन्धी ज्ञान तथा सीप प्रदान गर्नु । |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | • लुम्बिनि प्रादेशिक अस्पताल (१० लाख) <br> • भेरी अस्पताल (५ लाख) |

| | |
|---|---|
| **खर्च क्षेत्र** | जनशक्ति, खाध्य आहार, औषधी उपचार, मर्मत तथा संभार, शैया विस्तारको लागि चाहिने आवस्यक सामाग्रीहरु को व्यबस्थापन। |
| **लक्षित समूह** | ५ वर्ष मुनिका शिघ्र कुपोषित बालबालिकाहरु। |
| **कार्यक्रम सञ्चालन विधि** | • पोषण तथा पुनर्स्थापना केन्द्र सुदृढिकरण गर्न आवश्यक पर्ने, सामाग्री, औषधि, उपकरण तथा खाध्यान्नको सुचि तयार गर्ने।<br>• आवश्यक जनशक्ति को व्यबस्था गर्ने।<br>• कुपोषित बालबालिकाहरुको उपचार साथै पोषणयुक्त खाध्यान्नको व्यबस्था गर्ने।<br>• अभिभाबकहरुलाई खाध्य तथा पोषण सुरक्षाका बारेमा जानकारी गराउने।<br>• नियमित मासिक रुपमा DHIS2 मा रिपोर्टिङ गर्नुपर्ने छ। |
| **बजेट बाँडफाड** | यो क्रियाकलाप सञ्चालनका लागि लुम्बिनी प्रादेशिक अस्पतालमा १० लाख र भेरी अस्पतालमा ५ लाख वजेट विनियोजन गरिएको छ ।<br>प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि विभिन्न खर्च शिर्षकहरुमा बाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई कार्यक्रम सञ्चालन र खर्च गर्नु पर्नेछ। |
| **अनुगमन तथा मूल्याङ्कन** | • स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालय बाट अनुगमन गरीनेछ। |
| **अपेक्षित उपलब्धी** | • बालबालिकाहरुको कुपोषणको उपचार तथा व्यवस्थापन हुनेछ।<br>• बालबालिकाहरुको हेरचाह गर्ने अभिभावकहरुलाई पोषण सम्बन्धी ज्ञान तथा सीपको अभिबृद्धी हुनेछ । |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न पश्चात स्वास्थ्य निर्देशनालयमा प्रतिवेदन पेश गर्नुपर्ने छ। |

## ३. बृद्धि अनुगमनका लागि सामग्री खरिद

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| २२५२२ | ४० लाख | प्रदेश आपुर्ति व्यवस्थापन केन्द्र | १ | दोस्रो, तेस्रो |

| उपशिर्षक | विवरण |
|---|---|
| **परिचय** | विश्व स्वास्थ्य संगठनका अनुसार बच्चा जन्मेको २ वर्षसम्म मासिक रुपमा बच्चाको बृद्धि अनुगमन गर्नुपर्ने हुन्छ साथै ५ वर्षमुनिका बालबालिकामा निरन्तर पोषणको लेखाजोखा गर्न सुझाईएको छ। समुदाय स्तरमा अबस्थित स्वास्थ्य संस्थाहरुबाट नियमित बृद्धि अनुगमनको लागि आवश्यक पर्ने तौल मेसिन र उचाई मापन गर्ने हाईट बोर्ड खरिद गर्नको लागि यो कार्यक्रमको व्यबस्था गरिएको हो। |
| **उद्देश्य** | गुणस्तरिय सामाग्रीद्वारा  नियमित बृद्धी अनुगमन गर्न। |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | प्रदेश स्वास्थ्य आपुर्ती व्यबस्थापन केन्द्र। |
| **खर्च क्षेत्र** | तौल र उचाई मेसिन खरिद गर्न। |
| **लक्षित समूह** | पाचँ वर्ष मुनिका बालबालिका,किशोर किशोरी। |
| **कार्यक्रम सञ्चालन विधि** | • सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम खरिद प्रक्रिया अगाडी बढाउने।<br>• स्वास्थ्य सेवा विभाग, व्यबस्थापन महाशाखाको स्पेशिफिकेशन वैंकबाट स्वीकृत स्पेसिफकेसन प्राप्त गरि उक्त स्पेसिफिकेसन अनुसार खरिद गर्ने।<br>• सामाग्री खरिद भईसके पश्चात स्वास्थ्य निर्देशनालयसँग समन्वय गरी OTC विस्तार गर्ने स्वास्थ्य संस्था तथा OTC  हरुमा उक्त सामाग्री वितरण गर्ने। |
| **बजेट बाँडफाड** | यो क्रियाकलाप सञ्चालनका लागि प्रदेश आपुर्ति व्यवस्थापन केन्द्रमामा ४० लाख वजेट विनियोजन गरिएको छ । |

| | |
|---|---|
| | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि विभिन्न खर्च शिर्षकहरुमा बाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई कार्यक्रम सञ्चालन र खर्च गर्नु पर्नेछ। |
| **अपेक्षित उपलब्धी** | • गुणस्तरिय सामाग्री खरिद भई वितरण हुनेछ। |
| **अनुगमन तथा मुल्याङ्कन** | • स्वास्थ्य मन्त्रालय  बाट अनुगमन गरीनेछ। |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न पश्चात स्वास्थ्य मन्त्रालयमा प्रतिवेदन गर्नुपर्नेछ। |

## ४. समुदाय स्तरका जटिल अवस्थामा रहेका मातृ तथा २ वर्ष मुनिका बालबालिकाहरुको नियमित निगरानीका लागि Family health Profile तयार गर्ने पाईलटिङ्ग कार्यक्रम बाँके

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | ४७ लाख | स्थानीय तह | ८ | दोस्रो, तेस्रो |

| **उपशिर्षक** | **विवरण** |
|---|---|
| **परिचय** | महिला बालबालिका तथा किशोरी स्वास्थ्य तथा पोषण अवस्थामा लुम्विनी प्रदेश देशकै सवैभन्दा कमजोर प्रदेश रहेको विभिन्न समयका सर्वेक्षण तथा अध्ययनले देखाएको छ । प्रदेश भित्र पनि बाँकि जिल्ला सवैभन्दा उच्च मातृ मृत्यु भएको जिल्ला भएको, विभिन्न समयमा बाँके जिल्लामा खोप जन्य महामारीहरु समेत देखा परेको र बालबालिकाहरुको पोषण स्थिती समेत कमजोर देखिएकोले जिल्ला भित्र बसोबास गर्ने हरेक गर्भवती महिलादेखि बच्चा जन्मेको २ वर्षसम्म नियमित निगरानी मार्फत जटिल अवस्थाका गर्भवती महिलादेखि खोपबाट वञ्चित बालबालिका र पोषण बृद्धि अवस्थाको अनुगमन गरी नियमित सेवामा ल्याउनका लागि हरेक परिवार धुरीमा स्वास्थ्यकर्मी परिचालन गरी परिवार स्वास्थ्य विवरण ( family health profile) तयार गर्न यो पाइलटिङ्ग कार्यक्रमको व्यवस्था गरिएको हो । |
| **उद्देश्य** | • जटिल अवस्थाका गर्भावस्था(सुत्केरी भएको ४२ दिनसम्म) देखि २ वर्ष मुनिका बालबालिकाहरुको समयमै पहिचान गरी स्वास्थ्य तथा पोषण अवस्थामा सुधार ल्याउन । |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य कार्यालय मार्फत राप्ती सोनारी र बैजानाथ गाउपालिका बाहेकका स्थानीय तहरुमा |

| | |
|---|---|
| **खर्च क्षेत्र** | स्वास्थ्य कर्मी तथा महिला स्वास्थ्य कर्मीहरुको अभिमुखिकरण, घरदैलोमा स्वास्थ्य कर्मी परिचालन वापत स्थानीय यातायात खर्च |
| **लक्षित समूह** | बाँके जिल्लाका बासिन्दा |
| **कार्यक्रम सञ्चालन विधि** | • मोवाइल हेल्थ कार्यक्रम मार्फत स्वास्थ्य कार्यालय, स्थानीय तहका स्वास्थ्य शाखा प्रमुखहरुलाई स्वास्थ्य निर्देशनालयद्वारा MTOT संचालन हुनेछ ।<br>• स्थानीय तहका प्रति स्वास्थ्य संस्था २ जना र सवै महिला स्वास्थ्य स्वयं सेवकहरुलाई १ दिने अभिमुखिकरण कार्यक्रम संचालन गर्ने ।<br>• स्थानीय तहका स्वास्थ्यकर्मीहरुले आफ्नो वडा भित्र पर्ने हरेक परिवारको घरदैलोमा गई परिवार स्वास्थ्य विवरण मोवाइल स्वास्थ्य कार्यक्रमबाट उपलब्ध गराईएको सफ्टवेयरमा भर्ने ।<br>• प्रति दिन कम्तिमा २० परिवारको घरभेट गरी परिवार स्वास्थ्य विवरण भरेको रु ७०० का दरले स्वास्थ्यकर्मीलाई दैनिक यातायात खर्च भुक्तानी गर्ने गरी स्वास्थ्य कार्यालयबाट मोवाइल स्वास्थ्य सफ्टवेयरको तथ्याङ्क अध्ययन पश्चात स्वास्थ्यकर्मीको वैंक खातामा यातायात खर्च भुक्तानी गर्ने ।<br>• मोवाइल हेल्थको अनुगमनबाट जटिल अवस्थाका गर्भावती(सुत्केरी भएको ४२ दिनसम्म)देखि बच्चा जन्मेको २ वर्ष मुनिका बालबालिकाहरुको पोषण तथा स्वास्थ्य अवस्था पहिचान गरी समयमै उचित सेवा प्रदान गर्ने व्यबस्था मिलाउने । |
| **बजेट बाँडफाड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । |
| **अपेक्षित उपलब्धी** | • जटिल अबस्थाका गर्भवती महिलादेखि २ वर्ष मुनिका बालबालिकाहरुको पोषण तथा स्वास्थ्य समस्या समयमै पहिचान भै उचित सेवा प्रदान गर्न सहज हुनेछ र मातृ तथा बाल मृत्युमा सुधार हुनेछ । |
| **अनुगमन र मुल्याङ्कनको सुचक** | • वडा अनुसार परिवार धुरीको संख्या<br>• वडा अनुसार जम्मा गर्भवती महिला संख्या<br>• वडा अनुसार जम्मा २ वर्षमुनिका बालबालिकाहरुको संख्या |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रमको प्रतिबेदन निर्देशनालयमा पेश गर्नु पर्नेछ । |

## ५.समुदाय स्तरका जटिल अवस्थामा रहेका मातृ तथा २ वर्ष मुनिका बालबालिकाहरुको नियमित निगरानीका लागि Family health Profile तयार गर्ने पाईलटिङ्ग कार्यक्रम पाल्पा

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | २३ लाख ५० हजार | स्थानीय तह | १० | दोस्रो, तेस्रो |

| उपशिर्षक | विवरण |
|---|---|
| **परिचय** | महिला बालबालिका तथा किशोरी स्वास्थ्य तथा पोषण अवस्थामा लुम्विनी प्रदेश देशकै सवैभन्दा कमजोर प्रदेश रहेको विभिन्न समयका सर्वेक्षण तथा अध्ययनले देखाएको छ । विभिन्न कमजोर सूचाकांक जिल्लाका साथै पाइलटिङ्ग कार्यक्रमको तुलनात्मक अध्ययनका लागि पाल्पा जिल्ला भित्र बसोबास गर्ने हरेक गर्भवती महिला देखि बच्चा जन्मेको २ वर्षसम्म नियमित निगरानी मार्फत जटिल अवस्थाका गर्भवती महिलादेखि खोपबाट वञ्चित बालबालिका र पोषण बृद्धि अवस्थाको अनुगमन गरी नियमित सेवामा ल्याउनका लागि हरेक परिवार धुरीमा स्वास्थ्यकर्मी परिचालन गरी परिवार स्वास्थ्य विवरण (family health profile) तयार गर्न यो पाइलटिङ्ग कार्यक्रमको व्यबस्था गरिएको हो । |
| **उद्देश्य** | • जटिल अवस्थाका गर्भावस्था(सुत्केरी भएको ४२ दिनसम्म) देखि २ वर्ष मुनिका बालबालिकाहरुको समयमै पहिचान गरी स्वास्थ्य तथा पोषण अवस्थामा सुधार ल्याउन । |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य कार्यालय मार्फत बजेटको परिधिमा रही स्थानीयतहहरु छनौट गर्ने |
| **खर्च क्षेत्र** | स्वास्थ्य कर्मी तथा महिला स्वास्थ्य कर्मीहरुको अभिमुखिकरण, घरदैलोमा स्वास्थ्य कर्मी परिचालन वापत स्थानीय यातायात खर्च |
| **लक्षित समूह** | पाल्पा जिल्लाका बासिन्दा |
| **कार्यक्रम सञ्चालन विधि** | • मोवाइल हेल्थ कार्यक्रम मार्फत स्वास्थ्य कार्यालय, स्थानीय तहका स्वास्थ्य शाखा प्रमुखहरुलाई MTOT स्वास्थ्य निर्देशनालयले संचालन गर्ने ।<br>• स्थानीय तहका प्रति स्वास्थ्य संस्था २ जना र सवै महिला स्वास्थ्य स्वयं सेवकहरुलाई १ दिने अभिमुखिकरण कार्यक्रम संचालन गर्ने ।<br>• स्थानीय तहका स्वास्थ्यकर्मीहरुले आफ्नो वडा भित्र पर्ने हरेक परिवारको घरदैलोमा गई परिवार स्वास्थ्य विवरण मोवाइल स्वास्थ्य कार्यक्रमबाट उपलब्ध गराईएको सफ्टवेयरमा भर्ने ।<br>• प्रति दिन कम्तिमा १५ परिवारको घरभेट गरी परिवार स्वास्थ्य विवरण भरेको रु ७०० का दरले स्वास्थ्यकर्मीलाई दैनिक यातायात खर्च भुक्तानी गर्ने गरी स्वास्थ्य कार्यालयबाट मोवाइल स्वास्थ्य सफ्टवेयरको तथ्याङ्क अध्ययन पश्चात स्वास्थ्यकर्मीको वैंक खातामा यातायात खर्च भुक्तानी गर्ने ।<br>• मोवाइल हेल्थको अनुगमनबाट जटिल अवस्थाका गर्भावस्थादेखि २ वर्ष मुनिका बालबालिकाहरुको पोषण तथा स्वास्थ्य अवस्था पहिचान गरी समयमै उचित सेवा प्रदान गर्ने व्यबस्था मिलाउने । |

| | |
|---|---|
| **बजेट बाँडफाड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । |
| **अपेक्षित उपलब्धी** | • जटिल अबस्थाका गर्भावस्थादेखि २ वर्ष मुनिका बालबालिकाहरुको पोषण तथा स्वास्थ्य समस्या समयमै पहिचान भै उचित सेवा प्रदान गर्न सहज हुनेछ र मातृ तथा बाल मृत्युमा सुधार हुनेछ । |
| **अनुगमन र मुल्याङ्कनको सुचक** | • वडा अनुसार परिवार धुरीको संख्या<br>• वडा अनुसार जम्मा गर्भवती महिला संख्या<br>• वडा अनुसार जम्मा २ वर्षमुनिका बालबालिकाहरुको संख्या |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रमको प्रतिबेदन निर्देशनालयमा पेश गर्नु पर्नेछ । |

## ६.समुदाय स्तरका जटिल अवस्थामा रहेका मातृ तथा २ वर्ष मुनिका बालबालिकाहरुको नियमित निगरानीका लागि Family health Profile तयार गर्ने पाईलटिङ्ग कार्यक्रम अर्घाखाँची

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | १८ लाख ५० हजार | स्थानीय तह | ६ | दोस्रो, तेस्रो |

| उपशिर्षक | विवरण |
|---|---|
| **परिचय** | महिला बालबालिका तथा किशोरी स्वास्थ्य तथा पोषण अवस्थामा लुम्बिनी प्रदेश देशकै सबैभन्दा कमजोर प्रदेश रहेको विभिन्न समयका सर्वेक्षण तथा अध्ययनले देखाएको छ । प्रदेश भित्र पनि अर्घाखाँची जिल्लाको सुरक्षित मातृत्व तथा वाल स्वास्थ्य कार्यक्रमहरुको सूचक प्रदेशका अन्य जिल्ला भन्दा खस्केको अवस्था आ. ब. २०८०।८१ को बार्षिक प्रतिबेदनले देखाएको छ त्यसैले अर्घाखाँची जिल्ला भित्र बसोबास गर्ने हरेक गर्भवती महिला देखि बच्चा जन्मेको २ वर्षसम्म नियमित निगरानी मार्फत जटिल अवस्थाका गर्भवती महिलादेखि खोपबाट वञ्चित बालबालिका र पोषण बृद्धि अवस्थाको अनुगमन गरी नियमित सेवामा ल्याउनका लागि हरेक परिवार धुरीमा स्वास्थ्यकर्मी परिचालन गरी परिवार स्वास्थ्य विवरण ( family health profile) तयार गर्न यो पाइलटिङ्ग कार्यक्रमको व्यबस्था गरिएको हो । |
| **उद्देश्य** | • जटिल अवस्थाका गर्भावस्था(सुत्केरी भएको ४२ दिनसम्म) देखि २ वर्ष मुनिका बालबालिकाहरुको समयमै पहिचान गरी स्वास्थ्य तथा पोषण अवस्थामा सुधार ल्याउन । |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य कार्यालय मार्फत शितगंगा गाउँपालिका बाहेकको स्थानीयतहहरु |
| **खर्च क्षेत्र** | स्वास्थ्य कर्मी तथा महिला स्वास्थ्य कर्मीहरुको अभिमुखिकरण, घरदैलोमा स्वास्थ्य कर्मी परिचालन वापत स्थानीय यातायात खर्च |

| | |
|---|---|
| **लक्षित समूह** | अर्घाखाँची जिल्लाका बासिन्दा |
| **कार्यक्रम सञ्चालन विधि** | • मोवाइल हेल्थ कार्यक्रम मार्फत स्वास्थ्य कार्यालय, स्थानीय तहका स्वास्थ्य शाखा प्रमुखहरुलाई MTOT स्वास्थ्य निर्देशनालयले संचालन गर्ने ।<br>• स्थानीय तहका प्रति स्वास्थ्य संस्था २ जना र सवै महिला स्वास्थ्य स्वयं सेवकहरुलाई १ दिने अभिमुखिकरण कार्यक्रम संचालन गर्ने ।<br>• स्थानीय तहका स्वास्थ्यकर्मीहरुले आफ्नो वडा भित्र पर्ने हरेक परिवारको घरदैलोमा गई परिवार स्वास्थ्य विवरण मोवाइल स्वास्थ्य कार्यक्रमबाट उपलब्ध गराईएको सफ्टवेयरमा भर्ने ।<br>• प्रति दिन कम्तिमा १५ परिवारको घरभेट गरी परिवार स्वास्थ्य विवरण भरेको रु ७०० का दरले स्वास्थ्यकर्मीलाई दैनिक यातायात खर्च भुक्तानी गर्ने गरी स्वास्थ्य कार्यालयबाट मोवाइल स्वास्थ्य सफ्टवेयरको तथ्याङ्क अध्ययन पश्चात स्वास्थ्यकर्मीको वैंक खातामा यातायात खर्च भुक्तानी गर्ने ।<br>• मोवाइल हेल्थको अनुगमनबाट जटिल अवस्थाका गर्भावस्थादेखि २ वर्ष मुनिका बालबालिकाहरुको पोषण तथा स्वास्थ्य अवस्था पहिचान गरी समयमै उचित सेवा प्रदान गर्ने व्यबस्था मिलाउने । |
| **बजेट बाँडफाड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । |
| **अपेक्षित उपलब्धी** | • जटिल अबस्थाका गर्भावस्थादेखि २ वर्ष मुनिका बालबालिकाहरुको पोषण तथा स्वास्थ्य समस्या समयमै पहिचान भै उचित सेवा प्रदान गर्न सहज हुनेछ र मातृ तथा बाल मृत्युमा सुधार हुनेछ । |
| **अनुगमन र मुल्याङ्कनको सुचक** | • वडा अनुसार परिवार धुरीको संख्या<br>• वडा अनुसार जम्मा गर्भवती महिला संख्या<br>• वडा अनुसार जम्मा २ वर्षमुनिका बालबालिकाहरुको संख्या |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रमको प्रतिबेदन निर्देशनालयमा पेश गर्नु पर्नेछ । |

## ७. स्वास्थ्यकर्मी मार्फत कुपोषित बालबालिकाहरुको खोजपड्ताल

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | १ करोड १८ लाख ५० हजार | स्थानीय तह | ६३ | दोस्रो, तेस्रो |

| उपशिर्षक | विवरण |
|---|---|
| परिचय | नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०२२ अनुसार राष्ट्रिय स्तरमा ५ वर्ष मुनिका वालवालिकाहरु मध्ये २५% मा पुड्कोपना, ८% मा ख्याउटेपन र १९% मा कम तौल भएका छन। लुम्बिनी प्रदेशमा २५% पुड्कोपना र १६% ख्याउटेपना देखिएको छ । दिगो बिकास लक्ष्य २०३० को राष्ट्रिय लक्ष्य अनुसार पुड्कोपन १५%, ख्याउटेपन ४% र कम तौल १०% मा झार्ने लक्ष्य लिएको छ। त्यसै गरि नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०२२ अनुसार राष्ट्रिय स्तरमा ५ वर्ष मुनिका ४३% वालवालिकाहरुमा रक्त-अल्पता देखिएको छ भने लुम्बिनी प्रदेशमा ४९% बालबालिकाहरुमा रक्त-अल्पता देखिएको छ। पाँच वर्ष मुनिका बालबालिकाको पोषणको अवस्था अपेक्षा गरिए अनुसार सुधार नभएकोले कुपोषित बच्चाहरुको खोजपड्ताल गरी पोषण सम्बन्धि अवस्था पहिचान र अवस्था बिश्लेषण गरी कुपोषित बालबालिकाको व्यबस्थापन गर्न यो कार्यक्रमको व्यबस्था गरिएको हो । |
| उद्देश्य | • समुदाय स्तरमा कुपोषित बच्चाहरु खोजपड्ताल गर्ने<br>• कुपोषित बच्चाका अविभावकलाई उचित सेवा तथा परामर्श, प्रेषण तथा पुनर्स्थापना केन्द्रसम्म पुर्याउने<br>• वृद्धि अनुगमन तथा पोषण स्थिती सुधारमा सहभागी वृद्धि गर्ने । |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | गुल्मी, पाल्पा, अर्घाखाची, रोल्पा, प्यूठान, रुकुम पूर्व, बर्दिया र बाँके (नेपालगन्ज उपमहानगरपालिका, कोहोलपुर नगरपालिका र नरैनापुर गाउँपालिका मात्र) |
| खर्च क्षेत्र | दैनिक भ्रमण भत्ता, यातायात खर्च र ब्यवस्थापन खर्च |
| लक्षित समूह | ६ महिनादेखि ५ वर्ष मुनिका बालबालिका |
| कार्यक्रम सञ्चालन विधि | • स्वास्थ्य कार्यालयले स्थानिय तहको समन्वयमा स्वास्थ्य संस्थाको प्रमुख र पोषण फोकल पर्सनहरुलाई संम्लग्न गराई १ दिने पोषण लेखाजोखा बारे अभिमुखिकरण सञ्चालन गर्ने ।<br>• पोषण लेखा जोखा गर्ने सामाग्रीको एकिन गर्ने ।<br>• प्रत्येक स्वास्थ्य संस्थाले हरेक चौमासिकमा आफ्नो कार्यक्षेत्र भित्रका ६ महिना देखि ५९ महिनाका बालबालिकाको पोषण लेखाजोखा गर्ने।<br>• लेखाजोखा गरेका बालवालिकाहरुको अभिलेख तथा प्रतिबेदन निर्देशनालयले तोकेको फाराम तथा प्रतिबेदन प्रणालिमा प्रविष्टि गर्नुपर्नेछ ।<br>• उक्त पोषण लेखाजोखा गर्ने दिन महिला स्वास्थ्य स्वयम सेविकाले आफ्नो कार्यक्षेत्रका सम्पुर्ण ६ महिना देखि ५९ बालबालिकालाई लिएर तोकिएको स्थानमा उपस्थित हुने व्यवस्था मिलाउने।<br>• पोषण लेखाजोखा पश्चात शिघ्र कुपोषित बालबालिकालाई बहिरङ्ग उपचार केन्द्रमा भर्ना/ प्रेषण गर्ने। |

<table>
<tr><td></td><td>

- यदि कुनै बालबालिका पोषण लेखाजोखाका छुट भएको भए महिला स्वास्थ्य स्वयम सेविकाले अन्तिम पटकको भिटामिन ए खुवाएको रजिष्टरबाट छुट बालबालिकाको एकिन गरी दोस्रो दिन स्वास्थ्य संस्थामा पोषण लेखाजोखा गराउने ।
- प्रत्येक महिना पोषण लेखाजोखा पश्चात पोषण रजिष्टर मा दर्ता गराई DHIS2 मा भएको रिपोर्टिङ पश्चात स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वयम सेविकालाई भुक्तानी दिनुपर्नेछ ।

</td></tr>
<tr><td>बजेट बाँडफाड</td><td>
यस कार्यक्रमका लागि निम्न जिल्लाहरुमा तपशिलको रकम विनियोजन गरिएको छ ।
<table>
<tr><th>क्र.स.</th><th>स्वास्थ्य कार्यालय</th><th>विनियोजित रकम रु: (हजारमा)</th><th>क्र.स</th><th>स्वास्थ्य कार्यालय</th><th>विनियोजित रकम रु: (हजारमा)</th></tr>
<tr><td>१</td><td>रुकुम पूर्व</td><td>४ लाख ८० हजार</td><td>५</td><td>पाल्पा</td><td>१७ लाख ४० हजार</td></tr>
<tr><td>२</td><td>रोल्पा</td><td>१६ दाख ७० हजार</td><td>६</td><td>अर्घाखाची</td><td>११ लाख ७० हजार</td></tr>
<tr><td>३</td><td>प्यूठान</td><td>१५ लाख ८० हजार</td><td>७</td><td>बाँके</td><td>११ लाख ८० हजार</td></tr>
<tr><td>४</td><td>गुल्मी</td><td>२२ लाख ६० हजार</td><td>८</td><td>बर्दिया</td><td>१७ लाख ७० हजार</td></tr>
</table>
प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।
</td></tr>
<tr><td>अपेक्षित उपलब्धी</td><td>

- समुदायमा रहेका कुपोषित बच्चाहरुको खोजपड्ताल र उचित उपचार ब्यबस्थापन हुने
- पोषण सम्बन्धि अबस्था पहिचान बिस्लेषण गरी ५ वर्ष मुनिका बालबालिकाको पोषण अवस्थामा सुधार ल्याउन योजना तर्जुमा गर्नको लागि सहयोग हुने

</td></tr>
<tr><td>अनुगमन र मुल्याङ्कनको सुचक</td><td>

- जाँच(screening) गरिएका ५वर्ष मुनिका बालबालिकाको संख्या
- खोजपड्तालबाट पत्ता लागेका कुपोषित बालबालिकाको संख्या
- Out patient treatment center र पोषण पुनर्स्थापना केन्द्रमा प्रेषण गरिएका बालबालिकाको संख्या

</td></tr>
<tr><td>प्रतिवेदन</td><td>कार्यक्रम सम्पन्न भए पछि कार्यक्रमको प्रतिबेदन निर्देशनालयमा पेश गर्नु पर्नेछ ।</td></tr>
</table>

## ८.किशोरी संजालमार्फत किशोरी आईरन तथा फोलिक एसिड सुदृढिकरण कार्यक्रम

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम संचालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | २२ लाख | जिल्ला | ६ | दोस्रो, तेस्रो |

| **उपशीर्षक** | **विवरण** |
|---|---|

| | |
|---|---|
| **परिचय** | नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०२२ अनुसार, राष्ट्रिय स्तरमा ५ वर्ष मुनिका ४३% बालबालिकामा रक्त अल्पता (एनीमिया) देखिएको छ, भने लुम्बिनी प्रदेशमा यो दर ४९% रहेको छ। त्यसैगरी लुम्विनी प्रदेशमा ३९% किशोरीहरुमा रक्त अल्पता रहेको छ । आइरन र फोलिक एसिडको कमीका कारण थकान, कमजोरी, ध्यानमा कमी, र प्रतिरोधात्मक क्षमतामा गिरावटजस्ता स्वास्थ्य समस्याहरू देखा पर्छन् जसले उनीहरूको दैनिक जीवन र शारीरिक विकासमा नकारात्मक प्रभाव पार्छ। पोषणको कमी र असन्तुलित खानपानले यस समस्यालाई अझ गहिरो बनाएको छ।<br><br>नेपाल सरकारले २०७२/७३ सालदेखि किशोरीहरूलाई लक्षित गरी आइरन र फोलिक एसिडको पूरकता कार्यक्रम सुरु गरेको छ, तर हाल यो कार्यक्रम मुख्यतया विद्यालय जाने किशोरीहरूमा मात्र सीमित छ। यस कार्यक्रमले विद्यालय जाने मात्र नभई समुदायका अन्य किशोरीहरूमा समेत आइरन र फोलिक एसिडको उपभोगमा अभिबृद्धि गर्ने उद्देश्यले यो कार्यक्रमको व्यबस्था गरिएको हो । |
| **उद्देश्य** | • किशोरीमा आइरन फोलिक एसिडको बारेमा जनचेतना अभिबृद्धि गर्ने<br>• किशोरीमा आइरन फोलिक एसिडको पहुँच र उपभोग बढाउने (coverage and compliance)<br>• किशोरीमा हुने रक्त-अल्पतामा कमि ल्याउने |
| **कार्यक्रम संचालन गर्ने निकाय** | स्वास्थ्य कार्यालय |
| **खर्च क्षेत्र** | दैनिक भ्रमण भत्ता, यातायात खर्च तथा व्यवस्थापन खर्च |
| **लक्षित समूह** | तराईका ६ जिल्लाका १० देखि १९ वर्षका किशोरीहरु |
| **कार्यक्रम सञ्चालन विधि** | • स्थानीय तहमा रहेका किशोरी संजालहरुको पहिचान गरी उनीहरुको नामावली तथा सम्पर्क सूची तयार गर्ने र किशोरी संजाल नभएका स्थानहरुमा स्थानीय तहको समन्वयमा किशोरी संजाल गठन गर्ने ।<br>• कार्यक्रम संचालन गर्ने स्थान छनौट गर्दा विद्यालय किशोरी आइरन कम उपभोग गरेका स्थान, किशोरी गर्भवती वढी भएका स्थान र विद्यालय नजाने किशोरीहरु वढी भएको स्थानलाई प्राथमिक्तामा राखुपर्नेछ ।<br>• स्वास्थ्य कार्यालय मार्फत संजालका सदस्यहरुलाई किशोरावस्थामा स्वास्थ्य पोषणको महत्व सम्बन्धी १ दिने प्रशिक्षक प्रशिक्षण अभिमुखिकरण कार्यक्रम संचालन गर्ने । |

| | |
|---|---|
| | • संजालका सदस्य (किशोरीहरुले) समुदायमा गई आईरन र फोलिक एसिडको महत्त्व र यसको लाभबारे बिद्यालय र समुदायमा कक्षा सञ्चालन मार्फत जनचेतना फैलाउने ।<br>• विद्यालयस्तरमा संचालन हुने किशोरी आइरन कार्यक्रममा सहजिकरण गरी आइरन तथा फोलिक एसिडको उपभोग बृद्धि गर्ने ।<br>• स्थानीय तह र स्वास्थ्य कार्यालयका प्रतिनिधिहरुले कार्यक्रमको प्रगति र प्रभावकारितालाई निरन्तर अनुगमन तथा सुपरिवेक्षण गर्ने । |
| **बजेट बाँडफाड** | यस कार्यक्रमका लागि निम्न जिल्लाहरुमा तपशिलको रकम विनियोजन गरिएको छ।<br>(तालिका तल)<br>प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नु पर्ने छ । |
| **अपेक्षित उपलब्धी** | • किशोरीहरुलाई आईरन र फोलिक एसिडको महत्त्व बुझ्न मद्दत गर्ने<br>• किशोरीको स्वास्थ्यमा सुधार आउने र पोषणको स्तरमा वृद्धि हुने<br>• विद्यालय/समुदाय स्वास्थ्य कार्यक्रमलाई सुदृढ बनाउने |
| **अनुगमन र मुल्याङ्कनको सुचक** | • संजालमा सहभागिता हुने किशोरीहरुको संख्या<br>• आईरन तथा फोलिक एसिड सेवन गर्ने किशोरीको संख्या |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रमको प्रतिबेदन निर्देशनालयमा पेश गर्नु पर्नेछ । |

| **क्र.स.** | **स्वास्थ्य कार्यालय** | **विनियोजित रकम रु: (हजारमा)** | **क्र.स** | **स्वास्थ्य कार्यालय** | **विनियोजित रकम रु: (हजारमा)** |
|---|---|---|---|---|---|
| १ | नवलपरासी पश्चिम | ३ लाख | ५ | दाङ | ३ लाख |
| २ | रुपन्देही | ५ लाख | ६ | बाँके | ५ लाख |
| ३ | कपिलवस्तु | ४ लाख | ७ | बर्दिया | २ लाख |

## ९. NDHS 2022, SMART Survey, Formative Research तथ्यांकहरुको further analysis कार्यक्रम

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | ५ लाख | प्रदेश | १ | दोस्रो, तेस्रो |

| **उपशिर्षक** | **विवरण** |
|---|---|

| | |
|---|---|
| **परिचय** | अध्ययन, अनुसन्धानले प्रस्तूत गरेका तथ्यहरुको आधारमा बनाईएका योजनाहरु प्रभावकारी हुने हुदाँ लुम्बिनी प्रदेशमा भएका विभिन्न ठुला स्वास्थ्य तथा पोषण अनुसन्धानहरुमा पोषण सम्बन्धिका तथ्यांकहरुलाई थप विश्लेषण गर्नाले पोषण क्षेत्रका विविध आयाम तथा कारक तत्वहरु पत्ता लगाउन सकिन्छ । यसरी प्राप्त नतिजाले भविष्यमा कार्यक्रमहरुको निर्माण गर्ने सहयोग सिद्ध हुनेछ। समग्रमा लुम्बिनी प्रदेशमा रहेका विविध भौगोलिक, जातिय, जिल्ला, आदि अनुसार पोषण सम्बन्धी महत्वपुर्ण जानकारी पत्ता लगाउन ती अध्ययन तथा अनुसन्धानको थप विश्लेषण गर्न यो कार्यक्रम तयार गरीएको हो । |
| **उद्देश्य** | NDHS 2022, SMART Survey लगायत अन्य ठुला अनुसन्धानको थप विष्लेषण गरी प्रतिवेदन तयार पार्ने |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य निर्देशनलय |
| **खर्च क्षेत्र** | दैनिक भ्रमण भत्ता तथा यातायात खर्च, विज्ञपरामर्श सेवा खरिद, कार्यशाला गोष्ठी, बैठक, छपाई तथा अन्य व्यबस्थापकीय खर्च |
| **लक्षित समूह** | मन्त्रालय , स्वास्थ्य निर्देशनालय तथा अन्तर्गतका कर्मचारी, तथा स्वास्थ्य तथा पोषण क्षेत्रमा कार्यरत |
| **कार्यक्रम सञ्चालन विधि** | • थप विश्लेषण गर्नु पर्ने अध्ययन तथा अनुसन्धानको सुचीकरण गर्ने<br>• सुचीकृत अध्ययन अनुसन्धानको तथ्यांक विश्लेषणका लागि विज्ञपरामर्श सेवा खरिद गर्ने<br>• विश्लेषण गरी आएको नतिजाको बारे छलफल गर्न कार्यशाला संचालन गरी विविध आयामको छलफल गर्ने ।<br>• उपलब्ध विश्लेषणको प्रतिवेदन तयार गरी प्रकाशन गर्ने |
| **बजेट बाँडफाड** | यस कार्याक्रमका लागि स्वास्थ्य निर्देशनालयमा रु ५ लाख विजियोजन गरिएको छ ।<br>प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । |
| **अपेक्षित उपलब्धी** | • लुम्बिनी प्रदेशमा स्वास्थ्य तथा पोषणलाई असर गर्ने विभिन्न तत्व, तिनका कारक तथा समबन्धहरु पत्ता लाग्नेछ ।<br>• NDHS 2022, SMART Survey लगायत अन्य ठुला अनुसन्धानको थप विष्लेषण गरी प्रतिवेदन तयार हुनेछ ।<br>• प्रदेश तथा स्थानीय तहले पोषणको योजना बनाउदा तथ्यहरुको प्रयोग हुनेछ । |

| | |
|---|---|
| **अनुगमन र मुल्याङ्कनको सुचक** | • थप विश्लेषण गरिएको प्रतिवेदन<br>• कार्यशालाको सन्चालन तथा सहभागी संख्या |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रमको प्रतिवेदन निर्देशनालयमा पेश गर्नु पर्नेछ । |

## १०. शिघ्र कुपोषित बालबालिकाको एकिकृत व्यबस्थापन सम्बन्धी अभिमूखिकरण

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | ६६ लाख | जिल्ला | १३ | दोस्रो, तेस्रो |

| **उपशिर्षक** | **विवरण** |
|---|---|
| **परिचय** | नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०२२ अनुसार राष्ट्रिय स्तरमा ५ वर्ष मुनिका वालवालिकाहरु मध्ये २५% मा पुड्कोपना, ८% मा ख्याउटेपन र १९% मा कम तौल भएका छन। लुम्बिनी प्रदेशमा २५% पुड्कोपना र १६% ख्याउटेपना देखिएको छ । दिगो बिकास लक्ष्य २०३० को राष्ट्रिय लक्ष्य अनुसार ख्याउटेपन ४% मा झार्ने लक्ष्य लिएको छ। यसरि ख्याउटेपन भएका वालवालिकाहरुको उपचार तथा व्यबस्थापन गर्नका लागि विश्व स्वास्थ्य संगठनले २०२३ मा नयाँ निर्देशिका जारि गरेको छ । पाँच वर्ष मुनिका कुपोषित बालबालिकाको समयमै उपचार तथा व्यबस्थापन गर्न विश्व स्वास्थ्य संगठनको २०२३ को नयाँ निर्देशिका अनुसार स्वास्थ्यकर्मीहरूलाई तालिम दिई क्षमता अभिबृद्धि गर्न यो कार्यक्रमको व्यबस्था गरिएको हो । |
| **उद्देश्य** | • शिघ्र कुपाषित बालबालिकाहरुको प्रभावकारी व्यबस्थापनका लागि स्वास्थ्य कर्मीहरुमा क्षमता अभिबृद्धि गर्न। |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | तालिम केन्द्र तथा स्वास्थ्य कार्यालय |
| **खर्च क्षेत्र** | स्वास्थ्यकर्मीहरुको तालिम तथा क्षमता वृद्धी |
| **लक्षित समूह** | सबै जिल्लाका स्वास्थ्यकर्मीहरू |
| **कार्यक्रम सञ्चालन विधि** | • तालिम केन्द्रले स्वास्थ्य निर्देशनालयको समन्वयमा प्रशिक्षार्थी तथा प्रशिक्षक छनौट गरी MTOT संचालन गर्ने ।<br>• MTOT तालिम प्राप्त स्वास्थ्यकर्मीहरूले सम्बन्धित स्थानीयतहमा संचालनमा रहेका वहिरंग उपचार केन्द्र (OTC) र नयाँ थप हुने वहिरंग उपचार केन्द्र (OTC) का प्रति केन्द्रका २ जना स्वास्थ्यकर्मीहरूलाई ३ दिने तालिम कार्यक्रम संचालन गर्ने । |

<table>
<tr><td>बजेट बाँडफाड</td><td>यस कार्यक्रमका लागि निम्न जिल्लाहरुमा तपशिलको रकम विनियोजन गरिएको छ ।
<table>
<tr><th>क्र.स.</th><th>कार्यालय</th><th>विनियोजित रकम रु: (हजारमा)</th><th>क्र.स</th><th>कार्यालय</th><th>विनियोजित रकम रु: (हजारमा)</th></tr>
<tr><td>१.</td><td>तालिम केन्द्र</td><td>१० लाख</td><td>८.</td><td>नवलपरासी पश्चिम</td><td>४ लाख</td></tr>
<tr><td>२.</td><td>रुकुम पूर्व</td><td>४ लाख</td><td>९.</td><td>रुपन्देही</td><td>५ लाख</td></tr>
<tr><td>३.</td><td>रोल्पा</td><td>३ लाख ५० हजार</td><td>१०.</td><td>कपिलवस्तु</td><td>६ लाख</td></tr>
<tr><td>४.</td><td>प्यूठान</td><td>३ लाख ५० हजार</td><td>११.</td><td>दाङ</td><td>५ लाख</td></tr>
<tr><td>५.</td><td>गुल्मी</td><td>५ लाख</td><td>१२.</td><td>बाँके</td><td>६ लाख</td></tr>
<tr><td>६.</td><td>पाल्पा</td><td>५ लाख</td><td>१३.</td><td>बर्दिया</td><td>५ लाख</td></tr>
<tr><td>७.</td><td>अर्घाखाची</td><td>४ लाख</td><td colspan="2">कुल जम्मा</td><td>६६ लाख</td></tr>
</table>
प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।</td></tr>
<tr><td>अपेक्षित उपलब्धी</td><td>• नयाँ निर्देशिका अनुसार स्वास्थ्यकर्मीहरूलाई तालिम दिई क्षमता अभिबृद्धि भई पाँच वर्ष मुनिका कुपोषित बालबालिकाको समयमै उपचार तथा व्यबस्थापन गर्न सक्षम हुनेछन् ।</td></tr>
<tr><td>अनुगमन र मुल्याङ्कनको सुचक</td><td>• तालिम प्राप्त स्वास्थ्यकर्मीहरूको संख्या</td></tr>
<tr><td>प्रतिवेदन</td><td>कार्यक्रम सम्पन्न भए पछि कार्यक्रमको प्रतिबेदन निर्देशनालयमा पेश गर्नु पर्नेछ ।</td></tr>
<tr><td>सन्दर्भ सामग्री</td><td>शिघ्र कुपोषणको एकिकृत व्यवस्थापन निर्देशिका २०२० (उपलब्ध भएमा २०२४)</td></tr>
</table>

## ११. शिघ्र कुपोषित बालबालिकाको एकिकृत व्यबस्थापन सम्बन्धी म्यानुअल छपाई

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | ५ लाख | पटक | १ | तेस्रो |

| **उपशिर्षक** | **विवरण** |
|---|---|
| **परिचय** | कडा शिघ्र कुपोषण भएका बालबालिकाहरुलाई एकिकृत व्यवस्थापनका लागी राष्ट्रिय निर्देशिका २०२० जारी भएको छ । जस अनुसार हाल लुम्बिनी प्रदेशमा करिव २७५ वटा स्वास्थ्य संस्थाबाट बहिरङ्ग उपचार केन्द्र र ३ वटा पोषण पुनर्स्थापना केन्द्रहरु सञ्चालनमा रहेका छन् ।तर शिघ्र कुपोषणको एकिकृत व्यवस्थापन राष्ट्रिय निर्देशिका २०२० सम्बन्धित उपचार केन्द्रमा उपलब्धता नहुदा स्वास्थ्यकर्मीहरुमा उपचारमा दुबिधा भएको दिखिन्छ । |

| | |
|---|---|
| **उद्देश्य** | • ५ वर्ष मुनिका बालबालिकामा शिघ्र कुपोषणका कारणले हुने मृत्यु र स्वास्थ्य समस्यालाई घटाउन ।<br>• प्रदेश भर शिघ्र कुपोषित बालबालिकाको उपचारमा एकरुपता र स्वास्थ्यकर्मीको ज्ञान र सिपमा अभिबृद्धि हुनेछ ।<br>स्पेसिफिकेसन<br>➢ साइज : A4<br>➢ अनुमाजित पेज संख्या: १८०<br>➢ कभर कागज: ३५० ग्राम आर्ट बोर्ड म्याट लेमिलेशन<br>➢ कभर छपाई: मल्टी कलर<br>➢ भित्री कागज: १५० GMS आर्ट बोर्ड<br>➢ भित्री छपाई: मल्टी कलर (डिजाइन अनुसार)<br>➢ बाइन्डिङ्ग: Perfect binding |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य निर्देशनालय |
| **खर्च क्षेत्र** | शिघ्र कुपोषणको एकिकृत व्यवस्थापन राष्ट्रिय निर्देशिका २०२० (परिमार्जित २०२४) छपाई |
| **अपेक्षित प्रतिफल** | यस पुस्तिकाबाट कुपोषित बालबालिकाको उपचारमा एकरुपता भई स्वास्थ्यकर्मीको ज्ञानमा र सिपमा<br>अभिबृद्धि हुनेछ । |
| **कार्यक्रम सञ्चालन विधि** | यो निर्देशिका छपाई तोकिएको स्पेसिफिकेसन अनुसार शिघ्र कुपोषणको एकिकृत व्यवस्थापन राष्ट्रिय निर्देशिका २०२० (परिमार्जित २०२४) गर्नु पर्नेछ । |
| **बजेट बाँडफाड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । |
| **अनुगमन र मुल्याङ्कनको सुचक** | • तोकिएको स्पेसिफिकेसन अनुसारको छपाई<br>• लाभान्धित स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीहरु |

## १२.स्तनपान प्रवद्धनका लागि BMS-ACT सम्बन्धि औषधी पसल अस्पताल /फार्मेसीका स्वास्थ्यकर्मीका लागि अभिमुखिकरण कार्यक्रम

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | २४ लाख | जिल्ला | १२ | दोस्रो, तेस्रो |

| उपशिर्षक | विवरण |
|---|---|
| **परिचय** | स्तनपानको संरक्षण, प्रवद्धन गर्दै स्तनपानलाई निरुत्साहित गर्ने वस्तुको अनुचित बजारीकरणलाई नियन्त्रण गर्न आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्रि वितरण नियन्त्रण ) ऐन, २०४९ र नियमावली, २०५१ विद्यमान छ। ऐनका प्रावधानहरूको कार्यन्वयन मार्फत स्तनपानलाई संरक्षण र सम्बर्धन कार्य भईरहेको छ। ऐनको दफा १३ ले व्यवस्था गरे बमोजिम ऐन तथा नियमावलीको कार्यन्वयनको प्रभावकारिता नियमन लगायतका कार्यका लागि औषधी पसल/अस्पताल/फार्मेसीका स्वास्थ्यकर्मीहरुको महत्वपूर्ण भूमिका हुने भएको हुदा यस कार्यक्रमको व्यवस्था गरिएको हो। |
| **उद्देश्य** | • स्तनपानको महत्व र आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (विक्रि वितरण नियन्त्रण )ऐन, २०४९ तथा नियमावली, २०५१ का प्रावधानहरूको बारेमा औषधी पसल/ अस्पताल/फार्मेसीका स्वास्थ्यकर्मीहरुलाई जानकारी दिने।<br>• आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (विक्रि वितरण नियन्त्रण ) ऐन, २०४९ तथा नियमावली, २०५१ कार्यन्वयनको लागि अनुगमन, सुपरिवेक्षण गर्नु पर्ने अवस्था, स्थान, बजार अनुगमन प्रक्रिया, मुद्दा दायरी लगायतका बारेमा सहभागीको ज्ञान, सिप र क्षमता अभिवृद्धि गने। |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य कार्यालयहरु |
| **खर्च क्षेत्र** | दैनिक भ्रमण भत्ता, यातायात खर्च र कार्यक्रम संचालन तथा ब्यवस्थापन खर्च |
| **लक्षित समूह** | औषधी पसल/ अस्पताल/फार्मेसीका स्वास्थ्यकर्मीहरु |
| **कार्यक्रम सञ्चालन विधि** | • सम्बन्धित जिल्ला अन्तर्गतका आमाको दुधलाई प्रतिस्थापन गर्ने बस्तुको बिक्री भई रहेका औषधी पसल/ अस्पताल/फार्मेसीमाहरुको सुचि तयार गर्ने।<br>• अभिमुखीकरणका लागि कार्ययोजना तयार गर्ने र सोहीअनुसार औषधी पसल/ अस्पताल/फार्मेसीका स्वास्थ्यकर्मीहरुसंग समन्वय गर्ने।<br>• स्वास्थ्य कार्यालयहरुले अभिमुखीकरणका लागि बिषयबस्तु तयार गरि सहजकर्ताका रूपमा आमाको दुधलाई प्रतिस्थापन गर्ने बस्तुको बिक्री वितरण सम्बन्धि तालिम लिईएको निरिक्षकद्धारा १ दिने अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने ।<br>• वजेटको परिधिमा रही यस कार्यक्रममा सहभागीरुपमा बर्थिङ सेन्टरमा कार्यरत नर्सिङ कर्मचारी हरुलाई सहभागी गराउन सकिनेछ । |

<table>
<tr><td>बजेट बाँडफाड</td><td>यस कार्यक्रमका लागि निम्न जिल्लाहरुमा तपशिलको रकम विनियोजन गरिएको छ ।
<table>
<tr><th>क्र.स.</th><th>स्वास्थ्य कार्यालय</th><th>विनियोजित रकम रुः (हजारमा)</th><th>क्र.स</th><th>स्वास्थ्य कार्यालय</th><th>विनियोजित रकम रुः (हजारमा)</th></tr>
<tr><td>१.</td><td>रुकुम पूर्व</td><td>१ लाख</td><td>७.</td><td>नवलपरासी पश्चिम</td><td>२ लाख</td></tr>
<tr><td>२.</td><td>रोल्पा</td><td>१ लाख ५० हजार</td><td>८.</td><td>रुपन्देही</td><td>३ लाख ५० हजार</td></tr>
<tr><td>३.</td><td>प्यूठान</td><td>१ लाख ५० हजार</td><td>९.</td><td>कपिलवस्तु</td><td>२ लाख ५० हजार</td></tr>
<tr><td>४.</td><td>गुल्मी</td><td>१ लाख ५० हजार</td><td>१०.</td><td>दाङ</td><td>२ लाख ५० हजार</td></tr>
<tr><td>५.</td><td>पाल्पा</td><td>१ लाख ५० हजार</td><td>११.</td><td>बाँके</td><td>३ लाख</td></tr>
<tr><td>६.</td><td>अर्घाखाची</td><td>१ लाख ५० हजार</td><td>१२.</td><td>बर्दिया</td><td>२ लाख</td></tr>
<tr><td colspan="5">कुल जम्मा</td><td>२४ लाख</td></tr>
</table>
प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।</td></tr>
<tr><td>अपेक्षित उपलब्धी</td><td>• आमाको दूधलाई प्रतिस्थापन गर्ने बस्तुहरुको बिक्री र वितरणमा नियन्त्रण हुने।<br>• आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्रि वितरण नियन्त्रण ) ऐन, २०४९ र नियमावली, २०५१ को कार्यन्वयनमा पैरवी आउने।</td></tr>
<tr><td>अनुगमन र मुल्याङ्कनको सुचक</td><td>• अभिमुखीकरण कार्यक्रममा सहभागित स्वास्थ्यकर्मीको संख्या<br>• आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्रि वितरण नियन्त्रण ) ऐन, २०४९ र नियमावली, २०५१ कार्यन्वयन भएको औषधी पसल/ अस्पताल/फार्मेसीको संख्या</td></tr>
<tr><td>प्रतिवेदन</td><td>कार्यक्रम सम्पन्न भए पछि कार्यक्रमको प्रतिबेदन निर्देशनालयमा पेश गर्नु पर्नेछ।</td></tr>
</table>

## १३. गुणस्तरीय गर्भ जाँचको अध्ययन तथा प्रतिबेदन

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | ५ लाख | स्वास्थ्य निर्देशनालय | १ | दोस्रो, तेस्रो |

| **उपशिर्षक** | **विवरण** |
|---|---|
| **परिचय** | सुरक्षित मातृत्व कार्यक्रमले गुणस्तरिय प्रजनन् स्वास्थ्य सेवा उपलब्धताको सुनिश्चित गर्दै मातृ मृत्यु र नव शिशु मृत्युलाई क्रमशः घटाउदै लैजाने लक्ष्य राखेको छ। राष्ट्रिय जनगणना २०७८ को मातृ मृत्यु अध्यन प्रतिवेदन अनुसार लुम्बिनी प्रदेशमा मातृ मृत्यु अनुपात २०७ प्रति लाख छ भने शिशु मृत्यु दर २४ प्रति हजार छ । |

| | |
|---|---|
| | गर्भवति, सुत्केरी तथा नवजात शिशु जाँच सेवाको पहुँचामा सुधार हुदै गएता पनि गुणस्तरिय सेवामा अपेक्षित रुपमा कमजोर भएको छ । विश्व स्वास्थ्य संगठनको सिफारिस अनुसार गर्भवति हुँदा आठ पटक र सुत्केरी भए पछि अर्को चार पटक स्वास्थ्य परिक्षण गर्नुपर्ने समावेस गरेको छ ।<br>उक्त विश्व स्वास्थ्य संगठनको सिफारिसलाई कार्यान्वयनका लागी नेपाल सरकार, स्वास्थ्य मन्त्रालयले गर्भवति सेवा तथा सुत्केरी सेवा निरन्तरता सम्बन्धि सहजिकरण सामग्री तयार गरी लागु गरेको छ । यस कार्यक्रमको मुख्य लक्ष्य सिफारिस गरिएको तालिका अनुसार तोकिएको समयमा तोकिएको गर्भवति सेवा तथा सुत्केरी सेवा प्रदान गर्ने र जोखिम (खतराका लक्षण) पहिचान गरी व्यवस्थापन गर्नु रहेको छ ।<br>दक्ष प्रसुतिकर्मी मार्फत गुणस्तरीय गर्भवति तथा सुत्केरी सेवा सुनिश्चतताका लागी एक अध्ययन तथा अनुसन्धान गरी कार्यान्वयनमा लेयाउनु आवश्यक छ । |
| **उद्देश्य** | • गुणस्तरिय गर्भ तथा प्रसुति जाँचलाई सुनिश्चित गरी मातृ तथा नवजात शिशुको मृत्युमा कमी गर्ने । |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य निर्देशनालय |
| **खर्च क्षेत्र** | विज्ञ परामर्श सेवा खरिद, बैठक, गोष्ठि , छपाई लगायत अन्य व्यबस्थापकीय खर्च |
| **लक्षित समूह** | गर्भवति तथा सुत्केरी आमा र २८ दिनसम्मका नवजात शिशु |
| **कार्यक्रम सञ्चालन विधि** | • यस अनुसन्धानात्मक कार्य गर्नको लागि विज्ञ परामर्श सेवा आह्वान गरी गरिनेछ।<br>• लुम्बिनी प्रदेश भित्रका गर्भवति तथा सुत्केरी सेवा प्रदान गर्ने सरकारी संस्थाहरुले प्रदान गर्दै आएको न्यूतम आधारभूत सेवा प्रदान गरेको/नगरेको र सेवाग्राहीले सेवा लिएको/ नलिएको अध्ययन गर्नु पर्ने छ ।<br>• गुणस्तरिय गर्भ जाँचको कमीका कारण पहिचान गर्न हिमाल पहाड र तराई जिल्लाको प्रतिनिधित्व हुने गरी, सुरक्षित प्रसुति सेवा प्रदान गर्ने स्वास्थ्य संस्था छनौट गरी (कम्तिमा ३०० स्वास्थ्य संस्था), उचित वैज्ञानिक विधी र मिश्रित प्रणाली अवलम्बन गरी प्रस्तावना तयार गर्नुपर्नेछ।<br>• यस अनुसन्धान कार्य गर्न न्यूनतम जनस्वास्थ्य बिषयमा स्नातक (BPH) गरी सम्बन्धित परिषदमा दर्ता भएका व्यक्ति वा अनुबंधित संस्थालाई अनुसन्धान गर्न छनौट गरिने छ।<br>• प्राप्त तथ्याङ्कलाई विश्लेषण गरी संश्लेषणात्मक प्रतिवेदन पेश गर्नुपर्नेछ।<br>• आवश्यकता अनुसार स्वास्थ्य क्षेत्रमा कार्यरत विकास साझेदारहरु समन्वय र सहकार्य गर्न सकिने छ । |

| | |
|---|---|
| | • प्रतिवेदन अङ्ग्रेज़ी र नेपाली भाषामा तयार गर्नुपर्नेछ। |
| **बजेट बाँडफाड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । |
| **अपेक्षित उपलब्धी** | • गुणस्तरिय गर्भ जाँचको कमीको पहिचान हुने छ । |
| **अनुगमन र मुल्याङ्कनको सुचक** | १. अनुसन्धानको प्रस्ताव (परिचय, पृस्ठभूमि , उद्देश्य , विशिष्ट उद्देश्य, वैचारिक रूपरेखा प्रश्नावली र योजना तालिका)<br>२. तथ्याङ्क संकलन गर्दै गरेको अनुगमन<br>३. तथ्याङ्कको प्रस्तुतिकरण<br>४.अध्ययन अनुसन्धान तथा प्रतिवेदन |
| सन्दर्भ सामाग्रीहरु | विषय सम्बन्धित संघ तथा प्रदेश सरकारबाट जारी गरिएका ऐन, नियम, नीति तथा कार्यविधि निर्देशिका, आदि । |

## १४. Mother-baby friendly hospital iniciatives कार्यक्रम व्यबस्थापन

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | ४० लाख | अस्पतालहरु | ८ | दोस्रो, तेस्रो |

| उपशिर्षक | विवरण |
|---|---|
| **परिचय** | स्तनपान शिशुका लागी अमृत समान हो। स्तनपानले आमा र बच्चाको स्वास्थ्यमा मात्र हैन समग्र परिवार, समुदाय र राष्ट्रको अर्थतन्त्रमा टेवा पुराउदछ। नेपालमा ९९ प्रतिशत आमाहरुले कम्तीमा १ पटक आफ्ना शिशुलाई स्तनपान गराउने गरेको नेपाल जनसांख्यिक स्वास्थ्य सर्वेक्षण २०१६ ले देखाउछ। तर स्तनपान सम्बन्धी सिफारिस गरिएका व्यवहारहरु (समय मै स्तनपानको सुरुवात, ६ महिनासम्म पुर्ण स्तनपान र कम्तिमा २ वर्षसम्म थप खानाका साथै स्तनपानलाई निरन्तरता दिने) को संख्या भने न्यून रहेको छ ।नेपाल जनसांख्यिक स्वास्थ्य सर्वेक्षण २०२२ को तथ्याङ्क अनुसार लुम्बिनी प्रदेशमा पूर्ण स्तनपान गराउनेको संख्या ३६ प्रतिशत र शिशु जन्मेको १ घण्टा भित्र स्तनपान गराउनेको संख्या ५५ प्रतिशत छ ।यसै गरी लुम्बिनी प्रदेशमा १०० जना बालबालिका मध्ये २४ जनाले बौतल मार्फत दुध खुवाईएको पाईएको छ ।<br>विभिन्न अध्ययन अनुसन्धानले आमा तथा शिशु सम्बन्धी स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक पर्ने न्यूनतम स्रोतको व्यवस्थापन गरी मातृ शिशु अस्पताल सुनिश्चतता गर्दा मातृ र शिशुको स्वास्थ्यमा सुधार भएको पाईएको छ ।लुम्बिनी प्रदेशका उच्च प्रसुति सेवा प्रदान गर्ने |

| | |
|---|---|
| | अस्पतालहरुमा मातृशिशु अस्पताल तथा स्तनपान परामर्सकर्ता नर्सका यो बजेट बिनियोजन गरिएको छ । |
| **उद्देश्य** | • शिशु जन्मेको १ घण्टाभित्र स्तनको सुरुवात, ६ महिनासम्म पुर्ण स्तनपान र कम्तिमा २ वर्षसम्म थप खानाका साथै स्तनपानलाई निरन्तरता दिने सुचाङ्कमा सुधार हुनेछ । |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | तपशिलका अस्पतालहरुमा यो कार्यक्रम सञ्चालन हुनेछ।<br>१. बर्दिया अस्पताल गुलेरिया बर्दिया<br>२. राप्ति प्रादेशिक अस्पताल तुल्सीपुर दाङ<br>३. कपिलवस्तु अस्पताल तौलिहवा<br>४. भिम अस्पताल भैरहवा<br>५. पृथ्वी चन्द्र अस्पताल नवलपरासी पश्चिम<br>६. रामपुर अस्पताल पाल्पा<br>७. प्यूठान अस्पताल र<br>८. गुल्मी अस्पताल तम्घाँस |
| **खर्च क्षेत्र** | तलब र भत्ता । |
| **लक्षित समूह** | गर्भवति, सुत्केरी र २ वर्ष मुनिका बालबालिका । |
| **कार्यक्रम सञ्चालन विधि** | • सम्बन्धित अस्पतालले लुम्बिनी प्रदेश सरकारबाट जारी गरीएको "करार कर्मचारी व्यवस्थापन कार्यविधि २०७७" (संशोधन समेत) अनुसार खुल्ला प्रतिस्पर्धा अनुसार कर्मचारी नियुति गर्नु पर्नेछ ।<br>• सेवा करारमा कार्यरत स्तनपान परामर्शकर्ता नर्सहरुलाई सहायक पाँचौ तहको शुरु तलव स्केल अनुसारको तलव नियमानुसार उपलब्ध गराउने ।<br>• कार्यविवरण अनुसार स्तनपान परामर्शकर्ता नर्सले कार्य गर्नु पर्ने छ ।<br>• सम्बन्धित अस्पतालले स्तनपान परामर्शकर्ता नर्सलाई स्तनपानको संरक्षण, सम्बद्धधन र प्रवधन कार्यमा मात्र खटाउनु पर्ने छ ।<br>• सम्बन्धित अस्पतालले स्तनपान परामर्शकर्ता नर्सको हाजिरी प्रमाणित गरी, सोको आधारमा सम्बन्धित कर्मचारीको पारिश्रमिक बैंक खाता मार्फत उपलब्ध गराउनु पर्नेछ ।<br>• कार्यरत नर्स मध्ये कसैले करार सम्झौता निरन्तरता नगरेमा नयाँ करार सेवाको लागि सम्बन्धित अस्पतालले प्रक्रिया अगाडि बढाई सेवा निरन्तरता दिनु पर्ने छ । |
| **बजेट बाँडफाड** | यस कार्यक्रमका लागि निम्न जिल्लाहरुमा तपशिलको रकम विनियोजन गरिएको छ । |

| क्र.स. | अस्पतालहरु | विनियोजित रकम रुः (हजारमा) | क्र.स | अस्पतालहरु | विनियोजित रकम रुः (हजारमा) |
|---|---|---|---|---|---|
| १. | बर्दिया अस्पताल | ५ लाख | ५. | गुल्मी अस्पताल | ५ लाख |

| | | | | | |
|---|---|---|---|---|---|
| २. | पृथ्वीचन्द्र अस्पताल | ५ लाख | ६. | राप्ति प्रादेशिक अस्पताल | ५ लाख |
| ३. | भिम अस्पताल | ५ लाख | ७. | रामपुर अस्पताल | ५ लाख |
| ४. | कपिलवस्तु अस्पताल | ५ लाख | ८. | प्युठान अस्पताल | ५ लाख |
| **कुल जम्मा** | | | | | **४० लाख** |

प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

| | |
|---|---|
| **अपेक्षित उपलब्धी** | • सबै बालबालिकाले जन्मेको १ घण्टाभित्र स्तनको सुरुवात, ६ महिनासम्म पुर्ण स्तनपान र कम्तिमा २ वर्षसम्म थप खानाका साथै स्तनपानलाई निरन्तरता पाउनेछन्। |
| **प्रगति अनुगमन र समीक्षा** | • स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालयबाट कार्यक्रमको अनुगमन र समीक्षा हुनेछ । |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालयमा पठाउनु पर्नेछ । |

## १५. विद्यालय करेसावारी प्रबर्द्धन कार्यक्रम

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | २८ लाख ५० हजार | विद्यालय | १० | दोस्रो, तेस्रो |

| उपशिर्षक | विवरण |
|---|---|
| **परिचय** | स्वस्थ शरिर र भोकरहित बातावरण तथा पोषण बालबालिबाको सिकाईका निम्ति आधारभूत सर्त हो। यस विषयलाई दृष्टिगत गरी हाल नेपाल सरकारले सामुदायिक बिद्यालयहरुमा अध्ययन गर्ने ६ कक्षासम्म बालबालिकालाई लक्षित गरी दिवा खाजा कार्यक्रम सञ्चालन गर्दै आईरहेको छ । यसै सन्धर्वमा नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले "स्थानिय उत्पादनमा आधारित पोषणयुक्त बिद्यालय दिवा खाजा प्रारुप, २०८१" जारी गरी लागु गरेको छ । दिद्यालयको करेसाबारीमा स्थानिय मैसम अनुसारको पोषणयुक्त खानेकुराको उत्पादन गरी बिद्यालय दिवा खाजालाई प्रवद्धन गर्न यो वजेटको व्यवस्था गरिएको हो । |
| **उद्देश्य** | पोषणयुक्त विद्यालय दिवा खाजा मार्फत बालबालिकाको पोषणमा सुधार ल्याउने । |

<table>
<tr><td>कार्यक्रम सञ्चालन गर्ने निकाय</td><td>स्वास्थ्य कार्ययाल मार्फत स्थानीय तह</td></tr>
<tr><td>खर्च क्षेत्र</td><td>दैनिक भ्रमण भत्ता र यातायात खर्च र ब्यवस्थापन खर्च</td></tr>
<tr><td>लक्षित समूह</td><td>विद्यालयमा अध्ययनरत बालबालिकाहरु</td></tr>
<tr><td>कार्यक्रम सञ्चालन विधि</td><td>यस कार्यक्रमलाई समन्वय, सहजिकरण, छनौट र अनुगमनका लागी "विद्यालय करेसाबारी प्रवर्द्धन तथा अनुगमन समिति" गठन गर्ने ।<br>संयोजकः जिल्ला समन्वय समिति प्रमुख<br>सदस्य : शिक्षा विकास तथा समन्वय इकाई प्रमुख<br>सदस्यः कृषि ज्ञान केन्द्र प्रमुख<br>सदस्यः जिल्ला प्रशासन कार्यालय (प्रमुख जिल्ला अधिकारीले तोकेको अधिकृत स्तरको कर्मचारी)<br>सदस्य सचिवः स्वास्थ्य कार्यालय प्रमुख<ul><li>विद्यालय करेसाबारी प्रवर्द्धन तथा अनुगमन समितिले करेसाबासी सञ्चालन हुने बिद्यालयको छनौट तथा अनुगमन गर्ने छ ।</li><li>बिद्यालय छनौट गर्दा स्थानीय तहको सहभागिता र प्रतिबद्धतामा, बिद्यालयको करेसाबारी सञ्चालनको लागी प्रयाप्त जग्गा र सिचाईको व्यवस्था रहेको विद्यालयहरु छनौट हुनु पर्ने छ।</li><li>छनौट भएका विद्यालयमा करेसाबारी सञ्चालनका लागी आवश्यकताका सामग्री सुचि तयार गरी (विउ,मल, औजार आदि) बिद्यालय व्यवस्थापन समितिको निर्णय मार्फत स्थानिय तहको सिफारिसमा विद्यालयले, विद्यालय करेसाबारी प्रवर्द्धन तथा अनुगमन समिति समक्ष कार्यक्रम माग गर्ने ।</li><li>यस करेसावारीबाट शिक्षा मन्त्रालयको दिवा खाजा संचालन निर्देशिकाले तोके वमोजिमको मौसम अनुसारको सागपात,तरकारी तथा फलफुल उत्पादन गर्नुपर्नेछ ।</li><li>विद्यालय करेसाबारी प्रवर्द्धन तथा अनुगमन समितिको निर्णयमा खर्च बापतको रकम सम्बन्धित बिद्यालयको बैक खाता मार्फत भुक्तानी</li><li>गर्ने ।</li><li>उत्पादित कृषि उपज दिवा खाना संचालन भएका विद्यालयमा प्रयोग गर्नु पर्छ ।</li></ul></td></tr>
<tr><td>बजेट बाँडफाड</td><td>यस कार्यक्रमका लागि निम्न जिल्लाहरुमा तपशिलको रकम विनियोजन गरिएको छ ।<table>
<tr><th>क्र.स.</th><th>स्वास्थ्य कार्यालय</th><th>विनियोजित रकम रुः (हजारमा)</th><th>क्र.स</th><th>स्वास्थ्य कार्यालय</th><th>विनियोजित रकम रुः (हजारमा)</th></tr>
<tr><td>१.</td><td>रोल्पा</td><td>३ लाख</td><td>७.</td><td>कपिलवस्तु</td><td>३ लाख</td></tr>
</table></td></tr>
</table>

<table>
<tr><td rowspan="6"></td><td>२.</td><td>प्यूठान</td><td>३ लाख</td><td>८.</td><td>दाङ</td><td>३ लाख</td></tr>
<tr><td>३.</td><td>पाल्पा</td><td>३ लाख</td><td>९.</td><td>बाँके</td><td>३ लाख</td></tr>
<tr><td>४.</td><td>अर्घाखाची</td><td>३ लाख</td><td>१०.</td><td>बर्दिया</td><td>३ लाख</td></tr>
<tr><td>५.</td><td>नवलपरासी पश्चिम</td><td>१ लाख ५० हजार</td><td colspan="3" rowspan="2">कुल जम्मा २८ लाख ५० हजार</td></tr>
<tr><td>६.</td><td>रुपन्देही</td><td>३ लाख</td></tr>
<tr><td colspan="6">प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।</td></tr>
<tr><td>अपेक्षित उपलब्धी</td><td colspan="6">• विद्यालयहरुको पोषण प्रवर्धन<br>• पोषणमा स्थानीय तह तथा जिल्ला तहमा बहुक्षेत्रको सम्लग्नता सुद्रिढीकरण हुनेछ<br>• विद्यालयलाई प्रयोगात्मक रुपमा पोषण र कृषि सम्बन्ध बारे जानकारी हुनेछ<br>• विद्यालयलाई कृषिको दिगो अभ्यास र वातावरणको हेरचाहको महत्त्व जानेका हुनेछन्</td></tr>
<tr><td>अनुगमन र मुल्याङ्कनको सुचक</td><td colspan="6">विद्यालय करेसाबारी संचालन भएका विध्यालयहरुको संख्या<br>विद्यालय करेसावारी प्रबर्द्धन समितीको बैठक संख्या</td></tr>
<tr><td>प्रतिवेदन</td><td colspan="6">कार्यक्रम सम्पन्न भए पछि कार्यक्रमको प्रतिबेदन निर्देशनालयमा पेश गर्नु पर्नेछ ।</td></tr>
</table>

## १६.पत्रु खाना र यसले स्वास्थ्यमा असर बारे सुचना तयार गरी सामुदायीक बिद्यालयमा भिते लेखन/होरीङ्ग बोर्ड

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | १२ लाख | जिल्ला | १२ | दोस्रो, तेस्रो |

| **उपशिर्षक** | **विवरण** |
|---|---|
| **परिचय** | सामान्यतया पत्रु खाना भन्नाले बजारमा उपलब्ध प्याकेट र बोतलमा प्याक गरिएका र लामो समय राखिएका खाना बुझ्न सकिन्छ। पत्रु खानामा प्रायः चिल्लो पदार्थ, कार्बोहाइड्रेट, नुन, चिनी तथा अनेक किसिमको रसायन तथा कार्बनको प्रयोग अत्यधिक रुपमा गरिएको पाईन्छ, जसको कारण पाचन प्रणालीमा समस्या आउने, कुपोषण जस्ता समस्याहरु देखा पर्दछ। विश्व स्वास्थ्य संगठनका अनुसार, पत्रु खानाको अत्यधिक सेवनले मोटापना, मधुमेह, र हृदय रोग जस्ता समस्याहरूको जोखिम बढाउँछ। विद्यार्थीहरू पत्रु खाना यसको स्वाद र सजिलो उपलब्धताको कारणले रोज्ने गर्दछन्, जसको कारण उनीहरुको स्वास्थ्यमा नकारात्मक असरहरु देखा पर्नुका |

| | |
|---|---|
| | साथै शारीरिक तथा मानसिक वृद्धि र विकासमा पनि बाधा पुग्दछ। यसै सन्दर्भमा, सामुदायिक विद्यालयमा पत्रु खानाको असर र यसको स्वास्थ्यमा पर्ने प्रभावको बारेमा चेतना फैलाउन भित्ते लेखन/ होरीङ्ग बोर्ड कार्यक्रमको आयोजना गरिएको हो। |
| **उद्देश्य** | • पत्रु खानाले स्वास्थ्यमा पार्ने असरको बारेमा विद्यार्थीहरुलाई जानकारी दिने।<br>• स्वस्थ खानेकुराको महत्व र पत्रु खानाबाट बच्नका लागि सुझाव दिने।<br>• विद्यार्थी र शिक्षकहरुलाई भित्ते लेखन/होरीङ्ग बोर्ड स्थापनामा सक्रिय सहभागी गराउने। |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य कार्यालयहरु |
| **खर्च क्षेत्र** | भित्ते लेखन/होरीङ्ग बोर्डको स्थापना र ब्यवस्थापन खर्च, दैनिक भ्रमण भत्ता र यातायात खर्च |
| **लक्षित समूह** | सामुदायिक विद्यालयका विद्यार्थी र शिक्षक |
| **कार्यक्रम सञ्चालन विधि** | • लुम्बिनी प्रदेश अन्तर्गतका सम्पूर्ण सामुदायिक बिद्यालयको लगत तयार पार्ने।<br>• कार्यक्रम संचालनाका लागि बिद्यार्थी संख्या, भौगोलिक तथा पोषण अवस्थाको आधारमा सामुदायिक विद्यालयहरुको प्रथामिकरण गर्ने।<br>• स्वास्थ्य कार्यालयहरुले भित्ते लेखन/होरीङ्ग बोर्ड कार्यक्रमको लागि सामुदायिक बिद्यालय तथा स्थानीय तह संग समन्वय गर्ने।<br>• स्वास्थ्य मन्त्रालय/निर्देशनालयको समन्वयमा आकर्षक र बुझ्न सजिलो भित्ते लेखन/होरीङ्ग बोर्डको डिजाइन तयार गरी पत्रु खाना र यसले पार्ने स्वास्थ्यमा असरको बारेमा सूचना तयार पार्ने।<br>• विद्यालयका विद्यार्थी, शिक्षिक शिक्षिका तथा अभिभावकहरुले सजिलै देख्न सक्ने स्थानमा भित्ते लेखन वा होरिङ्ग वोर्ड प्रदर्शन गर्नुपर्नेछ । |
| **बजेट बाँडफाड** | यस कार्यक्रमका सञ्चालनका लागि लुम्बिनी प्रदेशका १२ वटा स्वास्थ्य कार्यालयमा रु १/१ लाख विनियोजन गरिएको छ।<br>प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। |
| **अपेक्षित उपलब्धी** | • सामुदायिक विद्यालयमा पत्रु खानाको बारेमा जनचेतना फैलाउने।<br>• विद्यार्थी र शिक्षकहरूमा स्वस्थ खानपानको लागि सकारात्मक सोचको विकास गर्ने।<br>• पत्रु खानाको सेवन घटाउने र स्वस्थ खानपानको प्रवर्द्धन गर्ने। |
| **अनुगमन र मुल्याङ्कनको सुचक** | • भित्ते लेखन/होरीङ्ग बोर्ड स्थापना गरिएका सामुदायिक विद्यालयको संख्या।<br>• भित्ते लेखन/ होरीङ्ग बोर्डको स्थापना हुदा सहभागी भएका विद्यार्थी र शिक्षकहरूको संख्या। |

| | |
|---|---|
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रमको प्रतिबेदन निर्देशनालयमा पेश गर्नु पर्नेछ। |

## १७. सामुदायिक नर्सिङ कार्यक्रम

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | १ करोड | वटा | २० | दोस्रो, तेस्रो |

| उपशिर्षक | विवरण |
|---|---|
| **परिचय** | सामुदायिक नर्सले समुदायमा स्वास्थ्य तथा पोषण सम्बन्धी सेवा र शिक्षा प्रदान गर्न ,योजना तर्जुमा, तथा तथ्यांक विश्लेषण गर्न महत्वपूर्ण भूमिका खेल्छन्। उनीहरूले गर्भवती महिला, सुत्केरी, बालबालिका, र वृद्धवृद्धाहरूलाई स्वास्थ्य तथा सन्तुलित आहार र पोषणसम्बन्धी स्थानीय तहलाई कार्यक्रम योजना, अनुगमन तथा कार्यक्रमहरु संचालन गर्दछन्। यसले कुपोषण, रक्तअल्पता , र अन्य पोषणसम्बन्धी समस्याहरूको रोकथाममा मद्दत पुऱ्याउँछ। सामुदायिक नर्सहरूले पोषण, मानसिक स्वास्थ्य सम्वन्धी परामर्श, आहार योजना, र पोषण सम्बन्धी कार्यक्रमहरूको आयोजना गर्छन्। उनीहरूले समुदायमा स्वास्थ्य सम्बन्धी सचेतना बढाउन र स्वस्थ जीवनशैली अपनाउन प्रेरित गर्छन्। यसरी, सामुदायिक नर्सहरूले समुदायको समग्र स्वास्थ्य सुधारमा महत्वपूर्ण योगदान पुऱ्याउँछन्। यस कार्यक्रमले समुदायमा पोषण सचेतना बढाउन, कुपोषण प्रारम्भिक पहिचान, शारीरिक र मानसिक स्वास्थ्य विद्यालय किशोरीहरुको प्रजनन् स्वास्थ्य सुधार र व्यवस्थापन गर्न र स्वास्थ्य सेवा प्रणालीलाई सुदृढ बनाउन महत्वपूर्ण योगदान पुऱ्याउँछ। |
| **उद्देश्य** | • समुदायमा स्वास्थ्य सचेतना बढाउन कार्यक्रमहरू आयोजना गर्नु।<br>• समुदाय स्तरमा सुरक्षित मातृत्व तथा बाल स्वास्थ्य तथा पोषण स्थिती सुधार ल्याउन सहयोग गर्ने ।<br>• स्थानीय तहको स्वास्थ्य तथा पोषण कार्यक्रमको योजना, संचालन तथा अनुगमन गर्न सहयोग गर्ने<br>• विद्यालयका किशोर किशोरीहरुको शारीरिक तथा मानसिक स्वास्थ्य सम्बन्धी सेवा, परामर्श, स्वास्थ्य शिक्षा प्रदान गर्नु। |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य निर्देशानालय |
| **खर्च क्षेत्र** | तलब भत्ता तथा यातायात खर्च |
| **लक्षित समूह** | समुदायका महिला बालबालिका तथा किशोरी स्वास्थ्य तथा पोषण सुधार विशेष कार्यक्रम संचालन गर्ने निकाय तथा स्वास्थ्य कर्मीहरु |

| | |
|---|---|
| **कार्यक्रम सञ्चालन विधि** | • कार्यक्रम पाईलटिङको रुपमा यस प्रदेशका १३ स्थानीय तहमा सामुदायिक नर्स/रोमिङ नर्सको व्यबस्थाका लागि मातृ तथा नवशिशु स्वास्थ्य तथा पोषण अवस्था र स्वास्थ्य सम्बन्धी जनचेतना कमजोर भएका स्थानीय तहहरु: नेपालगंज उप महानगरपालिका, डुडुवा गाउँपालिका, कृष्णनगर नगरपालिका, मायादेवी कपिलबस्तु, कोटहिमाई गाउँपालिका, रोहीणि गाउँपालिका, पाल्हिनन्दन गाउँपालिका, सुस्ता गाउँपालिका, माथागढी गाउँपालिका, सत्यवती गाउँपालिका, इस्मा गाउँपालिका, ठाकुरवावा नगरपालिका र पाणिनी गाउँपालिकामा प्रति स्थानीय तह २ जनाका दरले खटाईनेछ।<br>• सामुदायिक नर्स/ रोमिङ नर्सको परिचालनका लागि कार्य सम्झौतामा उल्लेख गरे बमोजिमको कार्य सम्पादनका आधारमा यातायात तथा संचार खर्च प्रदान गर्न सकिनेछ । कार्यसम्पादनका आधारमा सम्बन्धित स्थानीय तहले थप सुविधा प्रदान गर्न सक्नेछ ।<br>• सामुदायिक नर्स/रोमिङ नर्सका लागि सेवा गर्न न्यूतम शैशिक योग्यता अ.न.मी उतीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको हुनु पर्नेछ ।<br>• सामुदायिक नर्स/ रोमिङ नर्सको हाजिरी प्रमाणित सम्बन्धित स्थानिय तहको स्वास्थ्य महाशाखा/शाखाले प्रमाणित गरी स्वास्थ्य निर्देशनालयमा उपलब्ध गराउनु पर्नेछ र सोको आधारमा सम्बन्धित कर्मचारीको प्रारिश्रमिक बैंक खाता मार्फत उपलब्ध गराउनु पर्नेछ।<br>• कार्यरत सामुदायिक नर्स/ रोमिङ नर्स मध्ये कसैले करार सम्झौता बमोजिम निरन्तरता नगरेमा नयाँ करार सेवाको लागि निर्देशनालयले प्रक्रिया अगाडी बढाई सेवा निरन्तरता दिईनेछ । |
| **बजेट बाँडफाड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । |
| **अपेक्षित उपलब्धी** | • महिला बालबालिका तथा किशोरी स्वास्थ्य तथा पोषण कार्यक्रमहरु प्रभावकारी रुपमा संचालन भई स्थानीय तहका महिला बालबालिका तथा किशोरी स्वास्थ्य तथा पोषणको सुधार हुनेछ । |
| **अनुगमन र मुल्याङ्कनको सुचक** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रमको प्रतिबेदन निर्देशनालयमा पेश गर्नु पर्नेछ । |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रमको प्रतिबेदन निर्देशनालयमा पेश गर्नु पर्नेछ । |

## १८.कपिलवस्तुको सामुदायिक विद्यालयमा पत्रु (Junk) खाना नियमन तथा नियन्त्रण अभियान

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम संचालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| २२५२२ | १८ लाख ५० हजार | स्थानीय तह | १० | दोस्रो, तेस्रो |

| उपशीर्षक | विवरण |
|---|---|
| **परिचय** | विद्यार्थीहरू आफ्नो दैनिक जीवनको अधिकांश समय विद्यालयमा बिताउँछन्। पत्रु खानामा अत्यधिक चिनी, नुन, तेल, तथा हानिकारक पदार्थ हुने भएकाले यसले बालबालिकाको शारीरिक वृद्धि र मानसिक विकासमा नकारात्मक असर पुऱ्याउँछ। लगातार पत्रु खाना सेवनका कारण मोटोपन, पाचनसम्बन्धी समस्या, ध्यान तथा एकाग्रता कमी र अन्य दीर्घकालीन रोगहरू देखा पर्न सक्छन्। बिभिन्न अनुसन्धानहरुले बालबालिकामा पत्रु खानाको अत्यधिक सेवनका कारणले स्वास्थ्य समस्या बढ्दै गएको देखाएको छ। विद्यालय स्तरमा पत्रु खाना नियन्त्रण गर्दै स्वस्थकर खानाको प्रोत्साहन गर्न यो कार्यक्रमको व्यबस्था गरिएको हो । |
| **उद्देश्य** | विद्यालयमा पत्रु खानाको सेवनलाई नियन्त्रण र दिवा खाजाको प्रबर्द्धन गर्ने। स्वस्थकर खानाको विकल्प प्रदान गरी विद्यार्थीहरूलाई स्वस्थ खानपानको प्रोत्साहित गर्ने। |
| **कार्यक्रम संचालन गर्ने निकाय** | स्वास्थ्य कार्यालय मार्फत स्थानीय तह |
| **खर्च क्षेत्र** | अभिमुखिकरण खर्च, विद्यालय पत्रु खाना रहित घोषणाका लागि अन्य व्यबस्थापकीय खर्च । |
| **लक्षित समूह** | सामुदायिक विद्यालय |
| **कार्यक्रम सञ्चालन विधि** | • पत्रु खानाको हानिकारक प्रभावबारे जानकारीका लागि स्थानीय प्रमुख, उपप्रमुख, वडा अध्यक्ष, स्थानीय तहका शाखा प्रमुखहरु, स्थानीय संचारकर्मी, विद्यालयका प्रधानाध्यापक, स्थानीय स्वास्थ्य संस्था प्रमुख |

| | |
|---|---|
| | लगाएत सरोकारवालाहरु अधिक्तम ५० जनासंग स्थानीय तहमा १ दिने अन्तरक्रिया कार्यक्रम संचालन गर्ने । <br>• उक्त अन्तरक्रिया कार्यक्रमबाट स्थानीय तहका उपप्रमुखको संयोजकत्वमा देहाय अनुसार पत्रु (Junk) खाना निषेधित सामुदायिक तथा संस्थागत विद्यालय अनुगमन समिती गठन हुनेछः <br>• संयोजक- स्थानीय तहका उपप्रमुख <br>• सदस्य- प्रमुख प्रशासकिय अधिकृत <br>• सदस्य- स्वास्थ्य शाखा प्रमुख <br>• सदस्य- स्थानीय तहका माध्यमिक विद्यालय मध्येबाट १ जना प्रधानाध्यापक <br>• सदस्य सचिव- शिक्षा शाखा प्रमुख <br>आवस्यकताका आधारमा आमन्त्रित सदस्य थप गर्न सकिनेछ । <br>• माथि उल्लेखित पत्रु खाना निषेधित सामुदायिक तथा संस्थागत विद्यालय अनुगमन समितिले स्थानीय तह भित्र रहेका सम्बन्धित विद्यालयका व्यबस्थापन समिति र शिक्षक शिक्षिकाहरुसँग पत्रु खाना निषेधका लागि १ दिने अन्तरक्रिया गरी पत्रु खाना निषेधित विद्यालय घोषणा कार्ययोजना तयार गर्ने । <br>• पत्रु खाना निषेधित विद्यालयका मापदण्डहरु देहाय अनुसार हुनेछः <br>• विद्यालयमा पत्रु खाना निषेधित क्षेत्र रहेको देखिने गरी होडिङ बोर्ड वा भित्ते लेखन तयार गर्ने । <br>• विद्यालयमा रहेको चमेना गृहमा पत्रु खाना विक्रि वितरण निषेधित गर्ने । <br>• विद्यालयमा दिवा खाजामा पत्रु खाना निषेधको सुनिश्चित गर्ने । <br>• विद्यार्थीहरुले घरवाट ल्याउने खाजामा पत्रु खाना नरहेको सुनिश्चित गर्ने । <br>• सम्बन्धित वडाको स्थानीय स्वास्थ्य संस्थाबाट हरेक महिनाको १ दिन पोषण स्वास्थ्य शिक्षा संचालन गरेको सुनिश्चित गर्ने । <br>• विद्यालयको १०० मिटरको क्षेत्र भित्र मादक पदार्थ तथा सुर्तिजन्य पदार्थको विक्रि वितरण निषेध भएको सुनिश्चित गर्ने। <br>माथि उल्लेखित मापदण्डहरु पूरा गर्ने विद्यालयलाई सरोकारवालाहरुको प्रतिबद्धता सहित सम्बन्धित स्थानीय तहले विद्यालयलाई पत्रु खाना निषेधित विद्यालय घोषणा गर्नेछ । <br>• यस कार्यक्रमको निरन्तरता र दिगोपनाका लागि स्थानीय तहबाट अपनत्व ग्रहण गर्दै लैजानुपर्नेछ । |

| | |
|---|---|
| **बजेट बाँडफाड** | • यस कार्यक्रम सञ्चालनका लागि स्वास्थ्य कार्यालय कपिलवस्तुमा १८ लाख ५० हजार रकम विनियोन गरिएको छ ।<br>• प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरी कार्यक्रम सञ्चालन |
| **अपेक्षित उपलब्धी** | • विद्यालयमा पत्रु खाना निषेध हुनेछ ।<br>• विद्यार्थीहरुमा स्वस्थकर खाने बानीको विकास हुनेछ ।<br>• विद्यार्थीहरुमा पोषण स्तरमा सुधार हुनेछ । |
| **अनुगमन र मुल्याङ्कनको सुचक** | • पत्रु खाना निषेधित विद्यालयको संख्या |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रमको प्रतिबेदन निर्देशनालयमा पेश गर्नु पर्नेछ |

## १९. विद्यालयमा पोषिलो खाना प्रदर्शनी तथा अनुशिक्षण कार्यक्रम

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | २४ लाख | पटक | १ | दोस्रो, तेस्रो |

| उपशिर्षक | विवरण |
|---|---|
| **परिचय** | नेपाल सरकारले बालबालिका र महिलाहरुको पोषण अवस्थामा सुधार ल्याउन खानाको उपलब्धता तथा पहुचमा मात्र नभई यस सम्बन्धी व्यवहार र ज्ञानको अझ बढी महत्व छ । यसै क्रममा विद्यालय जाने बालबालिकामा स्थानीय स्तरमा उपलब्ध स्वस्थकर तथा पोषिला खानेकुराको बारेमा ज्ञान तथा चेतना अभिवृद्धि गर्नु जरुरी रहन्छ ।पोषिलो खानाको प्रर्दशनीमा स्थानीय स्तरमा उपलब्ध हुने खानेकुराहरुलाई प्रबर्द्धन गर्नुपर्दछ जसले गर्दा विद्यार्थी तथा घरपरीवारहरुले व्यवहारमा सजिलै लागु गर्नेछन् । |
| **उद्देश्य** | स्थानीय रुपमा मैसम अनुसार उपलब्ध हुने पोषण युक्त खाध्यबस्तुहरुको प्रयोगमा ल्याई बालबालिकाको पोषणमा सुधार गर्नु । |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य कार्यालय मार्फत स्थानीय तहको समन्वयमा विद्यालयहरुमा |

<table>
<tr><td>खर्च क्षेत्र</td><td>दैनिक भ्रमण भत्ता, यातायात खर्च र पोषिलो खानाको प्रर्दशनिका लागि स्थानीय स्तरमा उपलब्ध स्वस्थकर तथा पोषला खानेकुरा खरिद</td></tr>
<tr><td>लक्षित समूह</td><td>विद्यालयका विद्यार्थीहरू र अभिभावक</td></tr>
<tr><td>कार्यक्रम सञ्चालन विधि</td><td>
<ul>
<li>स्वास्थ्य कार्यालयले स्थानीय तहका समन्वयमा पोषिलो खाना प्रदर्शनिका लागी बिद्यालय छनौट गर्ने ।</li>
<li>पोषिलो खाना प्रर्दशनी गर्दा स्थानीय स्तरमानै उपलब्ध हुने खानेकुरा -सामाग्रीहरुको प्रयोग गर्नु पर्छ । उक्त खानेकुरा -सामाग्रीहरु कहाँबाट उपलब्ध गराउने भन्ने बारे पहिले नै सुनिश्चित गर्ने ।</li>
<li>पोषिलो खाना प्रर्दशनीका लागी स्थानिय तहको बिद्यालय रहेको स्वास्थ्यसंस्थाका स्वास्थ्यकर्मी र स्थानिय तहको सहभागीतामा गर्नु गर्ने छ ।</li>
<li>पोषिलो खाना प्रर्दशनी गर्ने ठाउँमा सुरक्षित पानी र पकाउने ठाउँको व्यवस्था मिलाउन प्रदर्शनकर्ताले विद्यालय सँग समन्वय गरि व्यवस्था गर्ने।</li>
<li>विद्यार्थीहरूलाई पोषीलो खाना सम्बन्धि प्रर्दशनीमा आउन प्रोत्साहन गरी अग्रीम सूचना प्रवाह गर्नुपर्नेछ।</li>
<li>प्रदर्शनकर्ताले पोषिलो खाना प्रर्दशन गर्दा प्रयोग हुने प्रत्येक खानेकुरा -सामाग्रीहरु देखाउँदै त्यसको महत्व बारेमा प्रष्ट जानकारी गराउनु पर्दछ ।</li>
<li>प्रर्दशन शुरु गर्नु भन्दा अगाडी प्रदर्शनकर्ताले साबुन पानीले मिचि मिचि हात धुनु पर्दछ ।</li>
<li>प्रदर्शनकर्ताले सूची (रेसिपी ) अनुसार पोषिलो खानाको प्रर्दशनी गर्दै र सहभागीहरुलाई पनि सहभागी गराउँदै यसको बारेमा बताउने ।</li>
<li>प्रदर्शनकर्ताले विद्यार्थीहरूलाई स्वास्थ्य तथा पोषणाका बारेमा आवश्यक अभिमुखिकरण गर्नुपर्नेछ ।</li>
</ul></td></tr>
<tr><td>बजेट बाँडफाड</td><td>यस कार्यक्रमका लागि निम्न जिल्लाहरुमा तपशिलको रकम विनियोजन गरिएको छ ।
<table>
<tr><th>क्र.स.</th><th>स्वास्थ्य कार्यालय</th><th>विनियोजित रकम रुः (हजारमा)</th><th>क्र.स</th><th>स्वास्थ्य कार्यालय</th><th>विनियोजित रकम रुः (हजारमा)</th></tr>
<tr><td>१.</td><td>रुकुम पूर्व</td><td>१ लाख</td><td>७.</td><td>नवलपरासी पश्चिम</td><td>२ लाख</td></tr>
<tr><td>२.</td><td>रोल्पा</td><td>१ लाख ५० हजार</td><td>८.</td><td>रुपन्देही</td><td>३ लाख ५० हजार</td></tr>
<tr><td>३.</td><td>प्यूठान</td><td>१ लाख ५० हजार</td><td>९.</td><td>कपिलवस्तु</td><td>२ लाख ५० हजार</td></tr>
<tr><td>४.</td><td>गुल्मी</td><td>१ लाख ५० हजार</td><td>१०.</td><td>दाङ</td><td>२ लाख ५० हजार</td></tr>
<tr><td>५.</td><td>पाल्पा</td><td>१ लाख ५० हजार</td><td>११.</td><td>बाँके</td><td>३ लाख</td></tr>
<tr><td>६.</td><td>अर्घाखाची</td><td>१ लाख ५० हजार</td><td>१२.</td><td>बर्दिया</td><td>२ लाख</td></tr>
<tr><td colspan="5">कुल जम्मा</td><td>२४ लाख</td></tr>
</table></td></tr>
</table>

| | |
|---|---|
| | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । |
| **अपेक्षित उपलब्धी** | • स्थानीय रुपमा उपलब्ध हुने पोषण युक्त खानेकुराहरुको प्रबर्द्धन तथा संरक्षण हुनुका साथै विद्यार्थीहरूमा पोषण युक्त खानेकुराहरुको उपभोगमा वृदि हुनेछ । |
| **अनुगमन र मुल्याङ्कनको सुचक** | • कार्यक्रम संचालन भएका विद्यालयहरू<br>• संचालित कार्यक्रमबाट लाभान्वित विद्यार्थीहरुको संख्या |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रमको प्रतिबेदन स्वास्थ्य कायार्लयमा पेश गर्नु पर्नेछ । |

## २०. विद्यालय स्वास्थ्य शिक्षाका लागि विषयबस्तु तयारी तथा वितरण

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | ३ लाख | स्वास्थ्य निर्देशनालय | १ | दोस्रो, तेस्रो |

| उपशिर्षक | विवरण |
|---|---|
| **परिचय** | विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम स्वास्थ्य र शिक्षाको संयुक्त कार्यक्रम हो। यो कार्यक्रम सञ्चालन गरी बालबालिबाको पोषण अवस्था, किशोर अवस्था र यो समयमा हुने परिवर्तन, पत्रु खाना तथा यसको नकारात्मक प्रभाव र नसर्ने रोगको जोखिम बारे विषयबस्तु तयार गरी कक्षा सञ्चालनका लागी आवश्यक सामग्री गर्नु पर्ने आवश्यक भएकाले यो बजेट व्यवस्थापन गरिएको हो । |
| **उद्देश्य** | • बिद्यालय स्वास्थ्य शिक्षाका लागी स्वास्थ्यकर्मीहरुलाई बिषय बस्तु तयार गरी कक्षा सञ्चालन गर्ने । |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य निर्देशनालय |
| **खर्च क्षेत्र** | विज्ञ परामर्श सेवा खरिद, बैठक, गोष्ठि , छपाई लगायत अन्य व्यबस्थापकीय खर्च |
| **लक्षित समूह** | बिद्यालयका छात्रछात्राहरु |
| **कार्यक्रम सञ्चालन विधि** | • बिद्यालय स्वास्थ्य तथा पोषण कक्षा सञ्चालनका लागी विषयहरुको सुचि तयार गर्ने<br>• आवश्यकता अनुसार विज्ञबाट सेवा परामर्श सेवा खरिद गर्ने ।<br>• बहुपक्षीय सरोकारवालाहरु सम्मिलित अन्तर्क्रिया तथा गोष्ठिमा धारणा र अनुभव सङ्कलन गर्ने |

| | |
|---|---|
| | • आवश्यकता अनुसार स्वास्थ्य क्षेत्रमा कार्यरत बिकास साझेदारहरुसँग समन्वय तथा सहकार्य गर्न सकिनेछ ।<br>• प्राप्त मस्यौदालाई प्राविधिक समितिमा छलफल गरी अन्तिम रुप दिने<br>• प्रतिबेदन तयार पारी छपाई तथा वितरण गर्ने। |
| **बजेट बाँडफाड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । |
| **अपेक्षित उपलब्धी** | • बिद्यालय स्वास्थ्य कार्यक्रम मार्फत बालबालिकाको ज्ञान सिप र धारणामा परिवर्तन हुने छ । |
| **अनुगमन र मुल्याङ्कनको सुचक** | • बिद्यालय स्वास्थ्य पोषणको बिषय सुची<br>• लाभान्धित बिद्यार्थी संख्या । |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रमको प्रतिबेदन स्वास्थ्य मन्त्रालयमा पेश गर्नु पर्नेछ । |

## २१. विद्यालयका स्वास्थ्य शिक्षकहरुलाई स्वास्थ्य तथा पोषण कार्यक्रमको अभिमुखिकरण

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | ३६ लाख ५० हजार | स्वास्थ्य कार्यालय | १ | दोस्रो, तेस्रो |

| **उपशिर्षक** | **विवरण** |
|---|---|
| **परिचय** | बालबालिकाहरूको पोषण तथा स्वास्थ्यमा सुधार गर्न विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमको महत्वपूर्ण भूमिका रहेको छ । यस कार्यक्रमलाई शिक्षा र स्वास्थ्यका सम्बन्धित निकायहरूको समन्वयबाट प्रभावकारी कार्यान्वयन गर्न सकिएमा विद्यार्थीहरूको स्वास्थ्य स्थितिमा सुधार आई शैक्षिक उपलब्धिमा गुणस्तरीयता कायम हुनेछ । बालबालिकाहरूको अधिकांश समय विद्यालयमानै नै बित्ने गरेको हुदाँ विद्यालयमान हुने हरेक क्रियाकलापहरुले उनीहरूमा प्रत्यक्ष रुपले प्रभाव पारिरहेको हुन्त्छ । हाल विद्यालय उमेरका बालबालिकाहरूमा मानसिक स्वास्थ्य समस्या, लागुऔषधको दुर्वेसनी, सरुवा रोगहरू संगै नसर्न रोगहरूको संक्रमण देखिन थालेको छ । यसले उनीहरूको र्सवांगिण विकासमा नकारात्मक असर पार्दछ, यसर्थ राष्ट्रिय पोषण रणनीति २०७७ मा उल्लेख भए अनुसार विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमको प्रभावकारी कार्यन्वयनको सुनिश्चतताको लागि यो कार्यक्रम तयार गरिएको छ। |
| **उद्देश्य** | • विद्यालय शिक्षकहरुलाई पोषण सम्बन्धी ज्ञानको क्षमता अभिबृद्धी गरी पोषण शिक्षालाई महत्व दिन अभिप्रेरित गर्ने। |

<table>
<tr><td>कार्यक्रम सञ्चालन गर्ने निकाय</td><td>स्थानीय तहसँगको समन्यमा स्वास्थ्य कार्यालय</td></tr>
<tr><td>खर्च क्षेत्र</td><td>अभिमुखिकरण वापत दैनिक भ्रमण भत्ता, यातायात खर्च र व्यवस्थापन</td></tr>
<tr><td>लक्षित समूह</td><td>विद्यालयका स्वास्थ्य शिक्षकहरु, स्वास्थ्यकर्मी र बिद्यालय नर्स</td></tr>
<tr><td>कार्यक्रम सञ्चालन विधि</td><td>अभिमुखिकरण कार्यक्रम ३ दिनको सञ्चालन गर्नु पर्ने छ ।<br>अभिमुखिकरण कार्यक्रममा सहभागीहरु २५-३० जना हुने पर्ने छ ।<br>अभिमुखिकरण कार्यक्रमको सहजकर्ता उक्त तालिम प्राप्त (TOT) लिएको प्रशिक्षक हुनु पर्नेछ ।<br>अभिमुखिकरण कार्यक्रमको सहभागी पुस्तिका स्वास्थ्य निर्देशनालबाट उपलब्ध हुनेछ ।</td></tr>
<tr><td>बजेट बाँडफाड</td><td>यस कार्यक्रमका लागि निम्न जिल्लाहरुमा तपशिलको रकम विनियोजन गरिएको छ ।
<table>
<tr><th>क्र.स.</th><th>स्वास्थ्य कार्यालय</th><th>विनियोजित रकम रुः (हजारमा)</th><th>क्र.स</th><th>स्वास्थ्य कार्यालय</th><th>विनियोजित रकम रुः (हजारमा)</th></tr>
<tr><td>१.</td><td>रुकुम पूर्व</td><td>३ लाख</td><td>७.</td><td>नवलपरासी पश्चिम</td><td>३ लाख</td></tr>
<tr><td>२.</td><td>रोल्पा</td><td>२ लाख ५० हजार</td><td>८.</td><td>रुपन्देही</td><td>३ लाख</td></tr>
<tr><td>३.</td><td>प्यूठान</td><td>३ लाख</td><td>९.</td><td>कपिलवस्तु</td><td>३ लाख</td></tr>
<tr><td>४.</td><td>गुल्मी</td><td>३ लाख ५० हजार</td><td>१०.</td><td>दाङ</td><td>३ लाख ५० हजार</td></tr>
<tr><td>५.</td><td>पाल्पा</td><td>३ लाख</td><td>११.</td><td>बाँके</td><td>३ लाख</td></tr>
<tr><td>६.</td><td>अर्घाखाची</td><td>३ लाख</td><td>१२.</td><td>बर्दिया</td><td>३ लाख</td></tr>
<tr><td colspan="5">कुल जम्मा</td><td>३६ लाख ५० हजार</td></tr>
</table>
प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।</td></tr>
<tr><td>अपेक्षित उपलब्धी</td><td>• स्वास्थ्य शिक्षकहरुको ज्ञान तथा शिपमा अभिवृद्धि हुनेछ ।<br>• बालबालिकाहरूको पोषण तथा स्वास्थ्य सुधार आई शैक्षिक उपलब्धिमा गुणस्तरीयता कायम हुनेछ ।</td></tr>
<tr><td>अनुगमन र मुल्याङ्कनको सुचक</td><td>• तालिम प्राप्त गरेका स्वास्थ्य शिक्षकहरुको संख्या</td></tr>
<tr><td>प्रतिवेदन</td><td>कार्यक्रम सम्पन्न भए पछि कार्यक्रमको प्रतिबेदन निर्देशनालयमा पेश गर्नु पर्नेछ ।</td></tr>
</table>

## २२.भांसा घर सुधार कार्यक्रम मार्फत बाल तथा मातृ पोषण प्रवर्धन गर्ने

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | २४ लाख | जिल्ला | १२ | दोस्रो, तेस्रो |

| उपशिर्षक | विवरण |
|---|---|
| **परिचय** | आयुर्वेदले असल रखानपान आचरण सु आचरण र असल विचार सहित स्वस्थ रहने तरिका सिकाउछ। समय अनुकूल र मौसममा आधारित खानाले स्वस्थ जीवनकोलागि राम्रो अभ्यासहरुको चित्रण गर्दछ। प्राचीन सन्तहरूको दीर्घायु र स्वस्थ जीवनशैलीमा स्वस्थ खानपानका विभिन्न तरिकाहरूमा आधारित थियो ।पोषिलो घरेलु खानाको सेवनले संक्रामक रोगहरू, नसर्ने रोगहरु कुपोषणबाट बच्न, पत्रु खानाको प्रयोगलाई निरुत्साहित गर्न भान्सा सुधार मार्फत पोषण शिक्षाबाट समुदायको स्वास्थ प्रवर्धन गर्नको लागि समुदायहरूको क्षमता विकास गरी जीवन चक्रको आधारमा आयुर्वेद प्रणाली निहित पोषणका ज्ञान र सीपहरू मार्फत स्वस्थकर जीवन शैली अभिवृद्धिगर्ने छ । मातृशिशु स्वास्थ्य र स्तनपानको महत्व बुझाउन, आमा र बच्चाको स्वास्थ्य सुधार गर्न तथा कुपोषणजन्य रोगबाट बचाउन, गर्भवती तथा सुत्केरी महिलालाई पोषण तथा स्वास्थ्य सेवा प्रदान गर्न यो कार्यक्रम प्रस्ताव गरिएको हो । |
| **उद्देश्य** | खाना पकाउनुपुर्वदेखि उपभोगसम्म आयुर्वेदमा लिपि पोषणवर्द्धन कार्यहरूलाई पोषण संवेदनशील भई भान्सा सुधार मार्फत समुदायको पोषण सुधार हुने गरी परिणाम प्राप्त गर्न सहभागीहरूमा ज्ञान सीप तथा धारणामा प्रदान गर्दछ । |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | आयुर्वेद स्वास्थ्य केन्द्रहरु, आयुर्वेद औषधालयहरु तथा नागरिक आरोग्य केन्द्र |
| **खर्च क्षेत्र** | दैनिक भ्रमण भत्ता र यातायात खर्च र ब्यवस्थापन खर्च |
| **लक्षित समूह** | प्रदेशका बालबालिका, किशोरी, गर्भवती र स्तनपायी महिला (बच्चा जन्मेपछि २४ महिना सम्म ) प्रदेशवासी |

<table>
<tr><td>कार्यक्रम सञ्चालन विधि</td><td>

- भान्सा सुधार सन्दर्भग्रन्थका आधारमा मातृ, शिशु तथा किशोरीको स्वास्थ्य तथा पोषण केन्द्रित सहजकर्ता निर्देशिका (म्यान्युयल) तयार गर्ने तथा सहभागी पुस्तिका तयार तथा छपाई गर्ने
- हरेक जिल्लामा आयुर्वेद स्वास्थ्यकर्मीहरुलाई यस कार्यक्रम सम्बन्धी अनुशिक्षण गर्ने
- अभियान सचालनका लागि कार्य योजना तयार गरी कार्यान्वयन गर्ने
- कार्यक्रम सञ्चालन गर्ने निकायले स्थानीय तहमा रहेका आयुर्वेद औषधालय र नागरिक आरोग्य केन्द्रको समन्वयमा समुदायस्तरमा महिला सामुदायिक स्वयंसेविका, शिक्षक, विद्यालय लगायत समुदायमा रहेका सरोकारवालहरुलाई केन्द्रविन्दुमा राखि निर्देशिका बमोजिम स्वास्थ्य आमा समुह , किशोरी संजाल लगायतका स्थानमा कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

</td></tr>
<tr><td>बजेट बाँडफाड</td><td>

यस कार्यक्रमका लागि निम्न जिल्लाहरुमा तपशिलको रकम विनियोजन गरिएको छ ।

| **क्र.स.** | **कार्यालय** | **विनियोजित रकम रुः (हजारमा)** | **क्र.स** | **कार्यालय** | **विनियोजित रकम रुः (हजारमा)** |
|---|---|---|---|---|---|
| १. | आयुर्वेद स्वास्थ्य केन्द्र नवलपरासी | २ लाख | ७ | आयुर्वेद स्वास्थ्य केन्द्र प्युठान | १ लाख ५० हजार |
| २. | आयुर्वेद स्वास्थ्य केन्द्र कपिलवस्तु | २ लाख ५० हजार | ८ | आयुर्वेद स्वास्थ्य केन्द्र बाँके | ३ लाख |
| ३. | आयुर्वेद स्वास्थ्य केन्द्र पाल्पा | १ लाख ५० हजार | ९ | आयुर्वेद स्वास्थ्य केन्द्र बर्दिया | २ लाख |
| ४. | आयुर्वेद स्वास्थ्य केन्द्र अर्घाखाची | १ लाख ५० हजार | १० | आयुर्वेद स्वास्थ्य केन्द्र रुकुमपूर्व | १ लाख |
| ५. | आयुर्वेद स्वास्थ्य केन्द्र गुल्मी | १ लाख ५० हजार | ११ | लुम्बिनी आयुर्वेदिक चिकित्सालय | ३ लाख ५० हजार |
| ६. | आयुर्वेद स्वास्थ्य केन्द्र रोल्पा | १ लाख ५० हजार | १२ | राप्ति आयुर्वेदिक चिकित्सालय | २ लाख ५० हजार |

</td></tr>
</table>

| | |
|---|---|
| | **कुल जम्मा** — **२४ लाख**<br><br>प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । |
| **अपेक्षित उपलब्धी** | • अभ्यासहरू मार्फत स्वास्थ्य र पोषणप्रबर्द्धन गर्न लक्षित समुहको व्यक्तिगत एवं सामुदायिक तवरमा व्यवहारमा परिवर्तन भएको हुनेछ |
| **अनुगमन र मुल्याङ्कनको सुचक** | • कार्यक्रमको पटक संख्या<br>• लाभान्वितको संख्या |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रमको प्रतिवेदन स्वास्थ्य निर्देशनालयमा पेश गर्नु पर्नेछ । |

## २३.पोषण अवस्थामा सुधार एवं वाल तथा मातृ मृत्युदर घटाउनका लागि स्थानीय जनप्रतिनिधी समाजसेवी तथा सरोकारवालाहरुसँग अन्तरक्रिया कार्याशाला गोष्ठी

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | १० लाख | पटक | १ | दोस्रो, तेस्रो |

| **उपशिर्षक** | **विवरण** |
|---|---|
| **परिचय** | स्थानीय तहको नेतृत्वले स्वास्थ्य तथा पोषण प्रवर्धन तथा स्वास्थ्य सेवालाई गुणस्तरीय र पहुँचयोग्य बनाउन अहम् भुमिका खेल्दछ। स्वास्थ्य क्षेत्रमा भएको लगानी, कार्यक्रमको बनावट तथा गुणस्तर र बितरण, प्रदेश र स्थानीय तहका सरकार तथा अन्य सरोकारवालाहरु बिच समन्वय र सहकार्य यथेष्ठ हुन नसक्दा प्रदेश सरकारले लिएका लक्ष्यमा सन्तोषजनक उपलब्धी हुन नसकेको विभिन्न सर्वेक्षणहरुले पुष्टि गरेका छन्।स्वास्थ्य सम्बन्धि कार्य तीनै तहको सरकार तथा स्वास्थ्य विकास साझेदारबाट नियमित रुपमा भईराखेको कार्यक्रमहरुलाई एकरुपता दिई स्वास्थ्य क्षेत्र दिगो रुपमा लगानी बढाउन, आवश्यक्ताको आधारमा कार्यक्रम निर्माण तथा कार्यन्वयन, प्रदेश र स्थानीय सरकार बिच समन्वय र सहकार्य थप सुदृढ गरी लुम्बिनी प्रदेश बासिको स्वास्थ्य तथा पोषणमा सुधार ल्याउन दुबै सरकार बिच सहकार्य आवश्यक रहेको छ । |
| **उद्देश्य** | • गुणस्तरिय स्वास्थ्य सेवा प्रवाहमा सुनिश्चितताका लागि तीनै तहका सरकार र स्वास्थ्य विकास साझेदार बिच कार्यक्रमहरुको समन्वय तथा सहकार्यमा अभिबृद्धी गर्ने ।<br>• संचालित स्वास्थ्य तथा पोषण कार्यक्रमहरुको समस्या र चुनौतीहरुको समाधानको उपाय पत्ता लगाउने ।<br>• स्वास्थ्यमा लगानी गरी गुणस्तरिय स्वास्थ्य तथा पोषण सेवाको पहुँचमा अभिबृद्धी गर्ने । |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य मन्त्रालय |

| | |
|---|---|
| **खर्च क्षेत्र** | दैनिक भ्रमण भत्ता तथा यातायात खर्च, विज्ञपरामर्श सेवा खरिद, कार्यशाला गोष्ठी, बैठक छपाई तथा अन्य व्यबस्थापकीय खर्च । |
| **लक्षित समूह** | स्थानीय तहकका प्रमुख, कार्यकारी अधिकृत तथा अन्य सरोकारवालाहरु |
| **कार्यक्रम सञ्चालन विधि** | • कार्यक्रमहरुको संचालनको लागि कार्ययोजना तय गर्ने<br>• स्थानीय तहका प्रमुख/उपप्रमुख, स्वास्थ्य शाखा प्रमुख, महिला अधिकारकर्मी, संचारकर्मीहरुको संलग्नतामा १ दिने अन्तरक्रिया कार्यक्रम संचालन गर्ने<br>• स्थानीय स्वास्थ्य समस्याका वारेमा वृहत छलफल गरी स्थानीय, प्रदेश र संघ मार्फत समस्या समाधानका लागि वृहत बहस पैरवी संचालन गर्ने । |
| **बजेट बाँडफाड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । |
| **अपेक्षित उपलब्धी** | • स्वास्थ्य मन्त्रालय तथा स्थानीय तह र सरोकारवालहरु बिच समन्वय र सहकार्य बलियो हुनेछ |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रमको प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पेश गर्नु पर्नेछ । |

## २४. कार्यक्रमको अनुगमन

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | २ लाख | स्वास्थ्य मन्त्रालय | १२ | दोस्रो, तेस्रो |

| **उपशिर्षक** | **विवरण** |
|---|---|
| **परिचय** | महिला बालबालिका तथा किशोरीको स्वास्थ्य तथा पोषण सुधार विशेष कार्यक्रम लुम्बिनी प्रदेशको मातृ तथा नवजात शिशु मृत्युदर कम गर्ने उदेश्यले संचालन भईरहेको कार्यक्रम हो। यस कार्यक्रमको प्रभावकारी कार्यानवयनको लागि नियमित अनुगमन तथा सुपरिवेक्षण आवश्यक पर्दछ, वजेट विनियोजन भएका कार्यालयहरुमा प्रभावकारी कार्यानवयनको लागि अनुगमन तथा सुपरिवेक्षण गर्नको लागि यो कार्यक्रमको व्यबस्था गरिएको हो। |
| **उद्देश्य** | • कार्यक्रम प्रभावकारी कार्यानवयनको लागि नियमित अनुगमन तथा सुपरिवेक्षण। |

| | |
|---|---|
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य मन्त्रालय |
| **खर्च क्षेत्र** | दै.भ्र.भ,यातायात खर्च। |
| **लक्षित समूह** | वजेट विनीयोजन भएका कार्यालयहरु |
| **कार्यक्रम सञ्चालन विधि** | • अनुगमन तथा सुपरिवेक्षण गर्नुपर्ने कार्यालय वा स्थानहरुको सूची तयार गरि कार्ययोजना बनाउने।<br>• अनुगमन तथा सुपरिवेक्षण पश्चात संक्षीप्त प्रतिवेदन तयार गरि पृष्ठपोषण दिने। |
| **बजेट बाँडफाड** | • प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि विभिन्न खर्च शिर्षकहरुमा बाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई कार्यक्रम सञ्चालन र खर्च गर्नु पर्नेछ। |
| **अपेक्षित उपलब्धी** | • अनुगमन, सुपरिवेक्षण पश्चात कार्यक्रमको प्रभावकारिताको संक्षीप्त प्रतिवेदन तयार हुनेछ। |
| **अनुगमन र मुल्याङ्कनको सुचक** | • अनुगमन चेकलिष्ट |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न पश्चात स्वास्थ्य मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्ने छ। |

## २५. कार्यक्रमको समिक्षा तथा प्रतिबेदन

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | ७ लाख | स्वास्थ्य मन्त्रालय | १ | तेस्रो |

| उपशिर्षक | विवरण |
|---|---|
| **परिचय** | लुम्बिनी प्रदेशमा रहेको मातृ तथा नवजात शिशु मृत्युदर लाई न्युनिकरण गर्न विनियोजित विशेष कार्यक्रम महिला बालबालिका तथा किशोरीको स्वास्थ्य तथा पोषण सुधार विशेष कार्यक्रम ३ वर्षे योजना रहेको हुदाँ पहिलो वर्षको कार्यक्रम संचालन पश्चात उक्त कार्यक्रमको प्रभावकारिता, कार्यक्रम संचालनार्थ आईपरेका समस्या तथा सुधार गर्नुपर्ने विषयवस्तु,साथै दोस्रो वर्षको क्रियाकलाप समेतलाई छलफलको विषय वस्तु समिक्षा तथा योजना तर्जुमा गर्नको लागि यो कार्यक्रमको व्यबस्था गरिएको हो। |
| **उद्देश्य** | • कार्यक्रमको समिक्षा गर्ने र दोस्रो वर्षको योजना तर्जुमा गर्न |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य मन्त्रालय |
| **खर्च क्षेत्र** | • दै भ्र भ तथा व्यबस्थापकीय खर्च |
| **लक्षित समूह** | स्वास्थ्य कार्यालय र स्थानीय तह समेत |
| **कार्यक्रम सञ्चालन विधि** | • समिक्षाको कार्ययोजना तयार गर्ने<br>• यस आ ब को अन्तमा निर्देशनालय,स्वास्थ्य तालिम केन्द्र,स्वास्थ्य आपुर्ति व्यबस्थापन केन्द्रबाट कार्यक्रम संचालनका क्रममा आएका समस्या, चुनौती र आगामी वर्षका लागि सुझाव सहितको प्रस्तूतिकरण गर्ने गरी सहभागी गराउने ।<br>• स्वास्थ्य कार्यालय, पोषण पुनर्स्थापना केन्द्र र विशेष कार्यक्रम लागु गरिएका स्थानीय तहहरुबाट सहभागी गराउने<br>• पोषण कार्यक्रममा आवद्ध संघ संस्थाका प्रतिनीधिहरुलाई समेत सहभागी गराउने<br>• चालु आ.ब को कार्यक्रमको समिक्षा गर्ने र दोस्रो वर्षको लागि क्रियाकलापको मस्यौदा तयार गर्ने । |
| **बजेट बाँडफाड** | • प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि विभिन्न खर्च शिर्षकहरुमा बाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई कार्यक्रम सञ्चालन र खर्च गर्नु पर्नेछ। |

| | |
|---|---|
| **अपेक्षित उपलब्धी** | • कार्यक्रम कार्यानवयन को समिक्षा तथा आगामी आ ब को कार्ययोजना तयार हुनेछ। |
| **अनुगमन र मुल्याङ्कन** | • स्वास्थ्य मन्त्रालय द्वारा अनुगमन तथा मुल्याङ्कन हुनेछ। |
| **प्रतिवेदन** | • कार्यक्रम पश्चात प्रदेश योजना आयोग र राष्ट्रिय योजना आयोगमा प्रतिवेदन पेश गर्नुपर्नेछ। |